# अध्याय : एक
# शोध परिचय

## १. १. शोध शीर्षक

यस शोधपत्रको शीर्षक "कक्षा सातका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन" रहेको छ ।

## १. २. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्ष आठौँ पत्र नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ ।

## १. ३. समस्या कथन

नेपालको सन्दर्भमा हेर्दा शिक्षाको विकास त्यति सन्तोषजनक हुन सकेको छैन । नेपाल सरकार शिक्षामन्त्रालयले शिक्षालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउने कोशिस गरेको पाइन्छ । शिक्षालाई सर्वसुलभ तुल्याउन नि.मा.वि. तह (कक्षा ६, ७, ८) सम्म निःशुल्क पाठ्यपुस्तक वितरण कार्यमा सक्रिय रहेको शिक्षा तथा खेलकुद मन्त्रालयको प्रयास सार्थक बन्न सकेको देखिँदैन । त्यसको परिणाम पनि सन्तोषजनक हुन सकेको छैन । विद्यालय जाने उमेर (११-१३ वर्ष) का कतिपय विद्यार्थीहरू शिक्षा लिने अवसरबाट वञ्चित रहेका छन् । विद्यालय आउनेहरूमा पनि कतिपयले कक्षा बीचमा नै छोड्ने, कतिले कक्षा दोहोऱ्याउने, कतिपय अनुत्तीर्ण हुने भएकाले नि.मा.वि. तहमा शैक्षिक क्षति निकै रहेको छ ।

मूल्याङ्कनका सन्दर्भमा परीक्षालाई मुख्य कडी मानिने भएकाले शिक्षाको उपलब्धि र गुणात्मक पक्षको सही मूल्याङ्कन हुन सकेको छैन । मूल्याङ्कनका साधनहरूमा परीक्षालाई मात्र औपचारिक साधनका रूपमा लिइएको पाइन्छ । शैक्षिक क्षतिलाई कम गर्न परीक्षा प्रणालीमा सुधार गर्नुका साथै मूल्याङ्कनका अन्य साधनहरूको प्रयोग गर्नुपर्ने अवस्था देखिन्छ । नि.मा.वि. तहमा पनि शैक्षिक क्षतिलाई कम गर्न विद्यार्थीहरूको शैक्षिक प्रगतिको अभिलेख राखी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्बन गर्नुपर्ने हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि शिक्षक आफू नै सक्रिय रहनुपर्ने देखिन्छ । भाषा शिक्षण भन्नु नै भाषिक सीपहरूको शिक्षण हो । यिनै सीपहरूको आँकलन गर्न सीमित सयको सीमामा बाँधिएर लिइने लिखित परीक्षाले मात्र विद्यार्थीहरूको सही मूल्याङ्कनको लेखाजोखा गर्न

सम्भव छैन । त्यसैले के कस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गरी विद्यार्थीहरूको मूल्याङ्कन गर्न सकिन्छ भन्दै यस शोधपत्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख राखी विद्यार्थी प्रगति विवरणको अध्ययन गर्ने प्रयास गरिएको छ । निम्नलिखित समस्याहरूमा केन्द्रित भएर तयार पारिएको यस शोधपत्रमा समस्या यसप्रकार छन् :

क) भाषिक सीपको मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

ख) भाषिक सीपको मूल्याङ्कन गर्न के कस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ ?

ग) विद्यार्थी मूल्याङ्कनमा निरन्तर मूल्याङ्कन प्रणालीको भूमिका के कस्तो रहन्छ ?

घ) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनअघि र ६ हप्ता निरन्तर मूल्याङ्कनपछि कस्तो प्रगति हुन सक्छ ?

## १. ४. अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन उद्देश्यहीन हुन सक्दैन । निश्चित उद्देश्य पूरा गर्नका लागि गरिन्छ । उद्देश्यले नै समस्यालाई निर्देशन गर्दछ । यस शोधपत्रमा निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको भाषिक सीपको मूल्याङ्कनका आधार पत्ता लगाउनु ।

ख) विविध साधन र माध्यमद्वारा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नु ।

ग) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका आधारमा विद्यार्थीहरूको प्रगति विवरण प्रस्तुत गर्नु ।

घ) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निरन्तर मूल्याङ्नअघि र ६ हप्तापछिको प्रगति विवरण तुलना गरी निष्कर्ष एवम् सुझाव प्रस्तुत गर्नु ।

## १. ५. पूर्वकार्यको समीक्षा

अध्ययन अनुसन्धान गर्ने क्रममा विद्यार्थीहरूको प्रगति विवरणको अध्ययनसम्बन्धी पाठ्यपुस्तकहरू तथा अनुसन्धान नगण्य मात्रामा भेटिएका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कनका विषयमा अध्ययन गरिएका शोधपत्रहरूको समीक्षा प्रस्तुत गरिएको छ ।

रामप्रसाद भट्टराई 'विलीन' ले वि.स. २०५५ मा विश्वविद्यालय अनुदान आयोगको सचिवालय नयाँ बानेश्वरमा प्रस्तुत "नेपाली भाषा शिक्षणमा भाषिक सीपको मूल्याङ्कन प्रक्रियासम्बन्धी प्रयोगात्मक अध्ययन" नामक लघु अनुसन्धानमा भाषिक सीपको मूल्याङ्कन

प्रक्रियासम्बन्धी प्रयोगात्मक अध्ययन गरेको पाइन्छ । उक्त अध्ययनमा परीक्षाबाहेक अन्य मूल्याङ्कनका साधनहरूका कक्षाकार्य, गृहकार्य, विद्यार्थीहरूको आनीबानी, अतिरिक्त क्रियाकलापमा सहभागितासम्बन्धी मूल्याङ्कनबाट उनीहरूको भाषिक सीपको मूल्याङ्कन गर्न सकिने सुझाव तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

सुरज पौडेलद्वारा वि.स. २०६० सालमा तयार पारिएको "प्राथमिक तहमा नेपाली भाषा मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन" नामक शोधपत्रमा भाषिक मूल्याङ्कनको केही हदसम्म चर्चा पाइन्छ । पौडेलले भाषिक मूल्याङ्कनमा विषयगत परीक्षाले प्रमुख स्थान लिएको र औपचारिक परीक्षाहरूबाट सही रूपमा भाषिक मूल्याङ्कन हुन नसक्ने बताएका छन् । विभिन्न साधन र तरिकाद्वारा भाषिक मूल्याङ्कन गर्ने परिपाटी सिद्धान्तमा भए पनि व्यवहारमा सबै साधन प्रयोगमा आएको पाइँदैन भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

वि.स. २०६४ मा मीनप्रसाद अधिकारीद्वारा तयार गरिएको "कक्षा तीनका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन" नामक शोधपत्रमा ६ महिनाको शिक्षण पश्चात् विद्यार्थीहरूमा देखिएका नेपाली भाषा सिकाइको आवधिक विवरण प्रस्तुत गरिएको छ । प्रत्येक महिना १०० पूर्णाङ्कको परीक्षा लिई सबै अभिलेख राखी अन्त्यमा एउटा परीक्षा लिई कक्षा प्रवेश गर्दाको सिकाइको स्थिति र निरन्तर मूल्याङ्कन गरेको ६ महिना पश्चात् उनीहरूमा भएको प्रगति विवरण निष्कर्ष र सुझावसहित प्रस्तुत गरिएको छ । उक्त शोधपत्र तयार गर्न पूर्वपरीक्षण, अवलोकन, प्रयोगात्मक तथा उत्तरपरीक्षण जस्ता विधिको प्रयोग गरिएको छ । यसरी निरन्तर मूल्याङ्कन गरेर अध्ययन अनुसन्धानको प्रगति विवरण हेर्दा ६ महिनाअघिको परीक्षाभन्दा ६ महिनापछिको परीक्षणमा सदरदर ७% प्रगति स्तर वृद्धि भएको देखिन्छ ?

विद्यार्थी पुस्तक भण्डारद्वारा वि.स. २०५७ मा प्रकाशित डा. रामप्रसाद लामिछानेको "नेपाली भाषा शिक्षण परिचय" नामक पुस्तकमा 'भाषिक मूल्याङ्कन' शीर्षकअन्तर्गत 'जुन कुरा परीक्षण गर्न खोजिएको हो त्यसको उपयोगिताका बारेमा शिक्षक स्वयम् परिचित हुन आवश्यक छ' भन्ने उल्लेख गरिएको छ । उक्त पुस्तकमा भाषिक मूल्याङ्कनका लागि विभिन्न किसिमका प्रश्नहरू निर्माण गरी सोहीअनुसार मूल्याङ्कन गर्नुपर्छ, जसबाट अपेक्षित उपलब्धिको प्राप्तिमा सफलता मिल्न सकोस् भनी प्रत्यक्ष विद्यार्थीहरूको मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने कुरा उल्लेख भएको पाइन्छ ।

डिल्लीराम रिमालद्वारा लिखित "नेपाली शिक्षण" तेस्रो संस्करण (२०५७) मा निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी मत यसरी व्यक्त गरिएको छ : भाषा सिकाइको उपलब्धि प्राप्त गर्न मूल्याङ्कन चाहिन्छ । कुनै समयको घेरामा मात्र सीमित नगरी निरन्तर रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गरी प्रगति विवरण राख्नु उपयुक्त हुन्छ । जसबाट सिकारुको कमजोरी पत्ता लगाउने, उपयुक्त शिक्षण विधि छनोट गर्ने, निराकरणका तरिकाहरू पत्ता लगाउने तथा भाषा सिकाइका कार्यकलापहरूको निरूपण गर्ने जस्ता कुरा उल्लेख गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा वि.स. २०६५ मा प्रकाशित निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक पुस्तिकामा विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययनप्रति जोड दिइएको छ ।

यसै गरी वि.स. २०६५ मा लक्ष्मी ढुङ्गेलद्वारा तयार गरिएको कक्षा पाँचका विद्यार्थीका "नेपाली सिकारुको आवधिक प्रगति विवरणको अध्ययन" नामक शोधपत्रमा ६ हप्तासम्म प्रत्यक्ष शिक्षण गरी निरन्तर मूल्याङ्कनका माध्यमबाट प्रत्येक हप्ता परीक्षा लिएर प्रगति विवरण राखिएको छ । ६ हप्तापहिले लिएको पूर्वपरीक्षणभन्दा ६ हप्तापछि लिइएको उत्तरपरीक्षणमा ८% प्रगति भएको पाइएको छ । उक्त शोधपत्र तयार पार्न पूर्वपरीक्षण, गृहकार्य, लिखित परीक्षा, मौखिक परीक्षा आदि मूल्याङ्कनका साधनहरू अवलम्बन गरिएको छ ।

विद्यार्थीहरूको प्रगति विवरण आँकलन गर्ने निरन्तर मूल्याङ्कनसम्बन्धी उल्लेख भएका कुराहरू पाठ्यपुस्तकमा मात्रै सीमित रहेका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया कक्षा ३ सम्म लागू गर्ने निर्णय भइसके पनि उचित ढङ्गले लागू हुन सकेको छैन । विद्यार्थीहरूको प्रगति विवरणसम्बन्धी अध्ययन गरिएका शोधपत्र कम मात्रामा रहेका छन् । अग्रजहरूले गरेका शोधपत्रको अध्ययन गर्दा कक्षा ५ सम्मको अध्ययन गरेको पाइयो । त्यसैले प्राथमिक तहभन्दा माथिल्लो तह नि.मा.वि. तह (कक्षा ६, ७, ८) मा पनि निरन्तर मूल्याङ्कनको प्रभावकारिता पहिल्याउन यो शोधपत्र कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको ६ हप्तासम्म प्रत्यक्ष शिक्षण गरेर विद्यार्थीको मूल्याङ्कन गरी उनीहरूको प्राप्त अङ्कलाई यसमा उल्लेख गरिएको छ ।

विद्यार्थीहरूमा व्यावहारिक रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागू गर्दा कत्तिको शैक्षिक सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुराको अध्ययन यो शोधपत्रमा गरिएको

छ । यसमा सुरुमा पूर्वपरीक्षा लिइएको छ । त्यसपछि कक्षाकार्य, गृहकार्य साथै अन्य परीक्षा र प्रत्यक्ष अवलोकन निरीक्षण गरी त्यसको अभिलेख राखी विद्यार्थीहरूको आवधिक प्रगति विवरण प्रस्तुत गरिएको छ । यसरी विद्यालयमा गएर विद्यार्थीहरूको प्रगतिको लेखाजोखा गरिने यो शोधपत्र अन्य अध्ययनभन्दा पृथक् रहेको छ ।

## १. ६. अध्ययनको महत्त्व

जुनसुकै कार्यको पनि आफ्नो उद्देश्य हुन्छ । ती उद्देश्यहरू के कति प्राप्त भयो भनेर लेखाजोखा गर्ने काम नै मूल्याङ्कन हो । विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्ने तरिका मुख्यरूपमा दुई वटा रहेका छन् । ती हुन् निर्माणात्मक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कन । शिक्षण सिकाइ प्रक्रियामा आन्तरिक रूपबाट निरन्तर रूपमा गरिने मूल्याङ्कन नै निर्माणात्मक मूल्याङ्कन हो । यसको प्रमुख उद्देश्य शिक्षण सिकाइमा सुधार ल्याउनु हो । निर्माणात्मक मूल्याङ्कनमा शिक्षण सिकाइ क्रियाकलापबाट विद्यार्थीहरूले हासिल गरेका विषयगत सिकाइ उपलब्धिहरू, कक्षाकार्य, गृहकार्य, हाजिरीजवाफ, सामाजिक बानी व्यवहार आदिका माध्यमबाट विद्यार्थीहरूको कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ । निर्णयात्मक मूल्याङ्कनमा विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिका आधारमा उत्तीर्ण, अनुत्तीर्ण वा श्रेणी निर्धारण गरी सोको प्रामाणिक दिने कार्य गरिन्छ ।

नेपालको सन्दर्भमा हेर्दा निर्माणात्मक मूल्याङ्कनभन्दा निर्णयात्मक मूल्याङ्कनको प्रयोग बढी भएको पाइन्छ । विद्यालयमा भर्ना भएका विद्यार्थीहरूमा कतिपयले पढ्दापढ्दै विद्यालय छाड्ने, अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने जस्ता कार्यहरू भएका भेटिएका छन्, जसको कारण परीक्षा प्रणाली नै हो । निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट न्यूनतम सर्त पूरा गर्ने विद्यार्थीलाई कक्षोन्नति गर्ने कार्य गर्दा शैक्षिक क्षति कम हुने देखिन्छ ।

शिक्षामा गरेको लगानीबाट पाउने प्रतिफललाई खेर जान नदिन र शैक्षिक क्षति कम गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले केही हदसम्म काम गरेको देखिन्छ । उपर्युक्त कुराहरूलाई ध्यानमा राखी निर्माणात्मक मूल्याङ्कन विद्यार्थीहरूमा प्रयोग गरिएको यस शोधपत्रको महŒवलाई निम्नअनुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

क) विद्यार्थीहरूले हासिल गरेको सिकाइ उपलब्धि, आवधिक रूपमा लिइएको लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्यको उपलब्धिलाई लेखाजोखा गरी उनीहरूको स्तर निर्धारण गरिएको छ ।

ख) निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्नुअघि र लागू भइसकेपछिको भिन्नता देखाइएको छ ।

ग) सिकाइ क्रममा विद्यार्थीहरूले गरेका गल्ती, कमजोरीहरू औँल्याइदिने र उनीहरूलाई नयाँ कुरा सिक्न प्रोत्साहित गरिएको छ ।

घ) पूर्वपरीक्षण, कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, लिखित परीक्षा आदिका आधारमा विद्यार्थीहरूमा देखिएको प्रगति विवरणको लेखाजोखा गरिएको छ ।

यसरी विद्यालयमा गएर प्रत्यक्ष शिक्षण कार्यमा संलग्न भएर गरिएको यो अध्ययन विद्यार्थीहरूको शैक्षिक प्रगतिको मूल्याङ्कन गर्नमा महŒवपूर्ण रहेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी विद्यार्थीहरूको प्रगति विवरण थाहा पाउन चाहने व्यक्तिहरूलाई यस शोधपत्रले महŒवपूर्ण सहयोग पुऱ्याउन सक्ने विश्वास लिइएको छ ।

## १. ७. अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र श्री सिंहवाहिनी उच्चमाध्यमिक विद्यालय मोरङका कक्षा ७ मा अध्ययनरत ३० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

यस शोधपत्रमा सुरका दिनमा उक्त विद्यार्थीहरूलाई भाषाका विविध सीपसम्बन्धी क्षमता मापन गर्न पूर्वपरीक्षण लिई त्यसको अभिलेखीकरण गरिएको छ । त्यसपछि लगातार ६ हप्तासम्म उनीहरूको भाषिक व्यवहार एवम् भाषिक सीपहरूलाई निरन्तर मूल्याङ्कनका विविध साधनहरू कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, लिखित परीक्षा, प्रश्नोत्तर, छलफल, खेल आदिका माध्यमले नेपाली भाषा सिकाइमा गरेको प्रगतिको विवरण राखिएको छ । त्यसपछि निरन्तर मूल्याङ्कन सुरु गर्नुभन्दा अघि र पछिका उपलब्धिहरूलाई तुलनात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

## १. ८. अध्ययनको ढाँचा र अनुसन्धान विधि

यस शोधपत्रको ढाँचा विश्लेषणात्मक प्रकृतिको रहेको छ । यो शोधपत्र तयार पार्ने क्रममा श्री सिंहवाहिनी उच्चमाध्यमिक विद्यालय मोरङका कक्षा ७ मा अध्ययनरत ३० जना विद्यार्थीहरूको प्रयोग समूह मानिएको छ । कक्षा ७ को ६ हप्ताको नेपाली भाषाको पाठ्यपुस्तकको शिक्षण पश्चात् विद्यार्थीमा देखिएको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरण प्रस्तुत गरिएको छ । यस अध्ययनका लागि पूर्वपरीक्षणका रूपमा कक्षा ६ को

स्तरका प्रश्नहरू तयार पारी परीक्षा लिइएको छ । पूर्वपरीक्षण विधिबाट प्राप्त नतिजालाई निरन्तर विद्यार्थी मूल्याङ्कन फारममा भरेर अभिलेख राखिएको छ । त्यसपछि विद्यार्थीहरूले नियमित रूपमा कक्षामा देखाउने सहभागिताका आधारमा अवलोकन विधिका माध्यमले कक्षाकार्य, गृहकार्य जस्ता कुरालाई पनि निश्चित पूर्णाङ्क तोकी अङ्क प्रदान गरिएको छ ।

६ हप्ताको शिक्षणका क्रममा शिक्षण गरिएको पाठबाट प्रत्येक पाठबाट १०० पूर्णाङ्कको परीक्षा लिइएको छ र सबैको अभिलेख राखिएको छ । अन्त्यमा एउटा परीक्षा लिई ६ हप्ता पहिलाको र ६ हप्तापछि उनीहरूमा भएको प्रगति विवरण प्रस्तुत गरी निष्कर्ष र सुझावसमेत दिइएको छ ।

यो शोधपत्र तयार पार्न पूर्वपरीक्षण, अवलोकन, प्रयोगात्मक तथा उत्तरपरीक्षण जस्ता विधिको प्रयोग गरिएको छ । पूर्वपरीक्षण तथा उत्तरपरीक्षणका क्रममा लिखित परीक्षा लिइएको छ । लिखित परीक्षाअन्तर्गत विषयगत र वस्तुगत दुबै प्रकृतिका प्रश्नहरू सोधिएको छ । प्रयोगात्मक विधिको प्रयोग गर्दा उनीहरूलाई प्रत्यक्ष रूपमा भाषिक कार्यमा संलग्न गराइएको छ । कक्षा सातको “नेपाली किताब” पाठ्यपुस्तकलाई आधार स्रोत मानी प्रयोगात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## अध्ययनको ढाँचा

१. अध्याय एक : शोधको परिचय
२. अध्याय दुई : भाषिक मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि
३. अध्याय तीन : निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि
४. अध्याय चार : निरन्तर मूल्याङ्कनको व्याख्या र विश्लेषण
५. अध्याय पाँच : उत्तरपरीक्षण र पूर्वपरीक्षणको तुलना
६. अध्याय छ : निष्कर्ष तथा सुझाव

# अध्याय : दुई
# भाषिक मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि

## २. १. परिचय

शिक्षण कार्यका सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषाशिक्षणसँग जोडिएर आएको हुन्छ । भाषाशिक्षण भन्नु नै भाषिक सीपहरूको शिक्षण हो । भाषिक मूल्याङ्कन पनि भाषाका सीपपरक अपेक्षाहरूसितै सम्बन्धित भएर शिक्षणको सहगामी प्रक्रिया बनेको हुन्छ । सीपपरक अपेक्षाहरूसित सान्दर्भिक हुने भाषा तात्Œवक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्गमा बाहेक भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित रहेको हुन्छ । यसको मूल उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमतास्तर आँकलन गर्नु मात्र नभएर शिक्षण-सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल अंश छुट्ट्याउनु, शिक्षण सामग्रीको उपयोगिता र प्रभावकारिताको निर्क्योल गर्नु, शिक्षण विधि एवम् प्रक्रियाहरूको प्रभावकारिताको परीक्षण गर्नु तथा समग्रमा भाषासिकाइका कठिनाइ र समस्या क्षेत्रहरू पत्ता लगाएर निराकरणात्मक शिक्षण सिकाइमा मदत पु¥याउ पनि रहेको हुन्छ ।

भाषाशिक्षणका क्रममा निश्चित लक्ष्य एवम् उद्देश्यहरू हासिल गर्न बारम्बार मूल्याङ्कनको उपयोग गरी विद्यार्थीको प्रगतिदर, क्षमतास्तर, सक्षमता-असक्षमता तथा उन्नति र अवनतिका बारेमा भाषाशिक्षक निरन्तर सचेत रहनुपर्दछ । विद्यार्थीका भाषा सिकाइका समस्याक्षेत्रहरू पत्ता लगाई तिनको निराकरण गर्न तथा भाषाशिक्षणलाई सीपपरक कार्यदिशातर्फ उन्मुख बनाई विद्यार्थीको उत्प्रेरणा अभिवृद्धि गरेर सरल, सुगम र प्रभावकारी शिक्षण सिकाइ कार्यकलापको छनोट, सुधार एवम् उपयोग गर्ने सुझ तथा सीप प्राप्त गर्न भाषाशिक्षकका लागि भाषिक मूल्याङ्कन अभिन्न कार्यकलाप बनेको हुनुपर्छ ।
( शर्मा र पौडेल, २०६० : १५) ।

भाषिक मूल्याङ्कन सीप पक्षसँग जोडिएको हुन्छ । मूल्याङ्कनले कुनै कुराको मूल्य निर्धारण गर्ने कार्य गर्दछ । कुनै कार्यको प्रभावकारिता जाँच्न, निर्धारित उद्देश्य पूरा गर्न मूल्याङ्कनमै निर्भर हुनुपर्दछ । भाषाशिक्षणका क्रममा पनि मूल्याङ्कनको महŒवपूर्ण भूमिका हुन्छ । मूल्याङ्कन बिनाको भाषाशिक्षण आफैँमा लुलो र लङ्गडो बन्न सक्छ ।

(अधिकारी, २०५० : २०९) ।

भाषाशिक्षक, विद्यार्थी, भाषापाठ्यक्रम निर्माता, भाषाविज्ञ तथा शिक्षाविद्हरूका लागि भाषिक मूल्याङ्कन उत्तिकै उपयोगी हुने देखिन्छ । भाषिक मूल्याङ्कनले नै भाषा पाठ्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्न मदत पुर्‍याउँछ । भाषिक सीप भाषा ताŒिवक पक्षका सरलता, जटिलता, सान्दर्भिकता तथा प्रयोजनपरकताका बारेमा निर्णय लिने आधार प्रदान गर्दछ र पाठ्यांश, शिक्षण विधि र शिक्षण साधन, विद्यार्थीका रुचि, प्रवृत्ति, क्षमता र स्तरअनुकूल भए/नभएको सम्बन्धमा पर्याप्त सूचना दिइरहेको हुन्छ । अतः पाठ्यक्रम निर्माता, भाषाविज्ञ, शिक्षक, शिक्षाविद्हरूलाई आ-आफ्ना क्षेत्रमा आवश्यक परिवर्तन, सुधार र परिमार्जन गर्ने मुख्य आधार नै भाषिक मूल्याङ्कनले दिइरहेको हुन्छ ।

## २. २. भाषिक मूल्याङ्कनका सिद्धान्तहरू

### २. २. १. पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण

भाषिक मूल्याङ्कनका लागि अपनाइने परीक्षा प्रणाली भाषापाठ्यक्रमका उद्देश्य अनुरूप तय गरिएको हुनुपर्छ । भाषापाठ्यक्रमको उद्देश्य भाषिक सीपसँग सम्बद्ध छ तर परीक्षण भाषाका विषयमा भाषाशिक्षण सिकाइलाई कुनै मदत पुर्‍याउन सक्दैन ।

शिक्षण प्रक्रिया विषयपरक तर मूल्याङ्कन सीपपरक भएमा त्यस्तो परीक्षण मूल्याङ्कनको कुनै अर्थ र महŒव रहँदैन । यसरी भाषिक मूल्याङ्कन भाषापाठ्यक्रमका शिक्षण उद्देश्यअनुरूपको शिक्षण र परीक्षणमा आधारित भएमा मात्र त्यसबाट सकारात्मक सहयोग लिन सकिन्छ । यदि पाठ्यक्रमको विश्लेषण नगरी परीक्षणीय उद्देश्यको पहिचान बिना मूल्याङ्कन गर्नतर्फ लागियो भने त्यस्तो मूल्याङ्कन विपरीत दिशातर्फ जाने मात्र होइन पाठ्यक्रमका समग्र भाषिक पक्ष र सीप पक्षहरूको सही मूल्याङ्कन पनि हुनसक्दैन र भाषाशिक्षणका अपेक्षाहरूलाई टेवा पुर्‍याउन पनि सकिँदैन । त्यसकारण भाषिक मूल्याङ्कन पाठ्यक्रम विश्लेषणमा आधारित हुनु अति आवश्यक छ ।

### २. २. २. भाषिक सीपको समग्रतामा आधारित भाषातत्त्वको मूल्याङ्कन

भाषा शिक्षणको मूल अभिप्राय भाषिक सीपहरूको कुशलतापूर्वक विकासमा केन्द्रित रहने हुनाले यसको परीक्षण पनि स्वभावतः प्रयोगपरक प्रकृतितर्फ झुकेको हुनपर्छ । सबै तहमा एउटै प्रकृतिका प्रश्नहरू ग्राह्य हुन सक्दैनन् । उच्च तह वा कक्षामा सैद्धान्तिक प्रकृतिका प्रश्नहरू उपयुक्त हुन्छन् भने निम्न तहमा प्रयोगपरक प्रकृतिका प्रश्नहरू उपयुक्त

हुन्छन् । भाषाका तŒवहरू समग्रात्मक रूपबाट प्रकट हुने हुनाले भाषातŒवको मूल्याङ्कन भाषिक सीपको समग्रतामा आधारित बनाउनु बढी वैज्ञानिक र व्यावहारिक हुन्छ । भाषातŒवलाई सीपपक्षबाट अलग्याएर परीक्षण गर्न खोज्दा सीपपक्ष गौण हुन जान्छ । भाषातŒव र भाषिक सीपलाई एकअर्कामा सम्बध्द बनाई मूल्याङ्कन र परीक्षण गर्दा भाषिक प्रयोगदक्षताका हिसाब वैज्ञानिक र व्यावहारिक ठहर्दछ ।

### २. २. ३. **प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट**

भाषिक मूल्याङ्कनका विभिन्न प्रयोजनहरू हुनसक्छन् । कुनै कक्षा वा तहमा प्रवेश लिन, विद्यार्थीहरूको खास सीप र पक्षहरूको झुकाव थाहा पाउन, कुनै खास भाषिक पक्षामा रहेका कमजोरी हटाउन, विद्यार्थीहरूको वर्गीकरण गर्न आदि प्रयोजनहरू हुन सक्छन् । प्रयोजनीय क्षेत्रअनुरूप केको परीक्षण गर्ने भन्ने कुराको केन्द्रीयता सम्बध्द प्रयोजनअनुरूपका सीप र धारणाको सूची तयार पारी त्यसअनुसार पहिचानात्मक वा धारणात्मक पक्षहरूको मूल्याङ्कनतर्फ अग्रसर हुनुपर्दछ । सीप पक्षको मूल्याङ्कन प्रयोगपरक र धारणा पक्षको मूल्याङ्कन सैद्धान्तिक प्रकृतिको हुने भएकाले भाषिक अपेक्षा र स्तर अनुकूल दुवै पक्षको मिश्रणमा भाषिक मूल्याङ्कन केन्द्रित हुनुपर्दछ ।

### २. २. ४. **मूल्याङ्कनीय वस्तु र मूल्याङ्कन युक्तिको सहसम्बन्ध**

भाषिक मूल्याङ्कनमा मूल्याङ्कनीय वस्तु र मूल्याङ्कन युक्तिका बीचमा सम्बन्ध हुनु आवश्यक छ । कुनै निश्चित स्तर र क्षेत्रको भाषिक उपलब्धिको तुलनात्मक अध्ययन गर्न र आवश्यक निर्णय लिनलाई स्तरयुक्त परीक्षा र भाषिक सीपका अभ्यासात्मक क्रियाकलापहरूमा टेवा पुऱ्याई उक्त सीपहरूको कुशलतापरक उपलब्धि हासिल गराउन शिक्षक निर्मित परीक्षा उपयुक्त मानिन्छ । भाषाका मूल्याङ्कनीय वस्तुहरू असीमित हुन्छन् र तिनका मूल्याङ्कन युक्ति फरक-फरक किसिमका हुन्छन् । जुन युक्तिबाट जुन कुराको मूल्याङ्कन प्रभावकारिता र वास्तविक हुनसक्छ त्यस्तै मूल्याङ्कन युक्तिको सहसम्बन्ध गाँसेर भाषिक मूल्याङ्कन गर्नु उपयुक्त मानिन्छ ।

### २. २. ५. **एक युक्तिबाट एक पक्षको मूल्याङ्कन**

भाषिक मूल्याङ्कनले जुन कुराको परीक्षण गर्न खोजिएको हो त्यसको मात्र परीक्षण हुनु आवश्यक छ । एकपटकमा एउटा उपायबाट एकभन्दा बढी सीप जाँच गर्न खोज्नु

युक्तिसङ्गत तरिका होइन । बोलाइ सीपको मूल्याङ्कन लिखित परीक्षाबाट गर्न खोज्नु, उच्चारणको मूल्याङ्कन वर्णविन्यासबाट गर्न खोज्नु, पठनबोधका माध्यमले श्रुतिबोधको जाँच गर्न खोज्नुजस्ता कुराहरू मूल्याङ्कनीय वैधता र विश्वसनीयताका कुरा होइनन् । एउटा प्रश्नबाट एकभन्दा बढी पक्षहरूको धारणा र सीप जाँच्ने किसिमको प्रश्न बनाई परीक्षण र मूल्याङ्कन गर्न खोज्दा वास्तविक परीक्षणीय वस्तुको मूल्याङ्कन हुन सक्दैन । त्यसैले एकयुक्तिबाट एकपटकमा एउटा सीप वा धारणाको मूल्याङ्कन हुन आवश्यक छ । यसो भएमा मूल्याङ्कनमा वैधता, विश्वसनीयता एवम् व्यावहारिकतासमेत झल्कन्छ ।

### २. २. ६. पूर्वनियोजित मूल्याङ्कन प्रविधिको परिपालन

भाषिक मूल्याङ्कनका निम्ति योजनाबद्ध नियोजित प्रक्रिया अवलम्बन गर्नु नितान्त आवश्यक छ । एकैचोटि हतारहतारमा प्रश्न निर्माण गरेर परीक्षण गर्नु राम्रो कार्य होइन । पाठ्यक्रमका अपेक्षा र परीक्षणीय क्षेत्रहरूको विश्लेषण गरेर योजनाबद्ध ढङ्गले मूल्याङ्कन गर्नु युक्तिसङ्गत हुन्छ । मूल्याङ्कनले समग्र पाठ्यक्रमलाई समेट्न सक्नुपर्दछ । योजनाबद्ध रूपमा कार्य गर्दा त्यसको परिणाम पनि राम्रो हुन्छ । त्यसैले भाषिक मूल्याङ्कन गर्दा पूर्वनियोजित मूल्याङ्कन प्रविधिको परिपालन गर्दा त्यसको परिणाम पनि सन्तोषजनक हुन्छ ।

## २. ३. भाषिक मूल्याङ्कनका प्रकारहरू

### २. ३. १. निरन्तर र अनौपचारिक मूल्याङ्कन

भाषाशिक्षणका सन्दर्भमा विविध सीप र पक्षहरूको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । मूल्याङ्कन गर्ने क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन र अनौपचारिक रूपमा पनि अभिलेख राखी उक्त अभिलेखका आधारमा अन्तिम मूल्याङ्कन गर्नु आवश्यक छ । कक्षामा विद्यार्थीहरूको कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, अवलोकन, मौखिक परीक्षा आदिका आधारमा सञ्चित अभिलेख राखी तिनको लेखाजोखा गरी मूल्याङ्कन गर्दा उपयुक्त हुन्छ ।

### २. ३. २. विषयगत र वस्तुगत मूल्याङ्कन

विषयगत मूल्याङ्कन उत्पादनात्मक किसिमको हुन्छ भने वस्तुगत मूल्याङ्कन पहिचानात्मक हुन्छ । दिइएका उत्तरहरूमध्येबाट पहिचान गरी उत्तर दिन सकिनेखालका प्रश्नहरू समावेश गरिएको मूल्याङ्कन वस्तुगत हुन्छ भने विद्यार्थीले आफ्नै मौलिक भाषामा लेखेर उत्तर दिइने प्रश्नहरू विषयगत हुन्छ ।

### २. ३. ३. उपलब्धि र दक्षतापरक मूल्याङ्कन

विद्यार्थीहरूले निर्दिष्ट पाठ्यक्रमका अन्त्यमा के-कस्ता भाषिक सीप तथा दक्षता हासिल गरे र पाठ्यक्रमको अपेक्षा कुन हदसम्म पूरा भयो भन्ने जानकारी प्राप्त गराउने मूल्याङ्कन उपलब्धि मूल्याङ्कन हो । दक्षतापरक मूल्याङ्कनले चाहिँ विद्यार्थीले आफूले सिकेको भाषिक क्षमतालाई वास्तविक परिस्थितिमा कुन हदसम्म उपयोग गर्न सक्दछ भन्ने कुरा पहिल्याउनु हो ।

### २. ३. ४. सामयिक र औपचारिक मूल्याङ्कन

कुनै निश्चित अवधिमा आधारित भई योजनाबद्ध एवम् पूर्वनिर्धारित मूल्याङ्कनलाई सामयिक वा औपचारिक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन कुनै खास कक्षाको सुरु, मध्य र अन्त्यमा गरिन्छ ।

### २. ३. ५. अभिक्षमता र निदानात्मक मूल्याङ्कन

खासगरी मातृभाषेत्तर भाषा सिक्न सम्बन्धित व्यक्तिको सम्भाव्य सफलताको साङ्ख्यिकीय जानकारी लिन अभिक्षमता मूल्याङ्कन गरिन्छ । पाठ्यक्रममा कुन कुराको शिक्षण सम्पन्न भयो र कुन कुरामा शिक्षण अझ सम्पन्न गर्नुछ, कुन कुरा सिक्न सकेनन् ? आदि समस्यामा आधारित एवम् उपचारमूलक प्रकृतिको मूल्याङ्कन निदानात्मक हो ।

### २. ३. ६. एकलबद्ध र समग्रताबद्ध मूल्याङ्कन

एकपटकमा एउटा कुराको मात्र मूल्याङ्कन वा परीक्षण हुन्छ भने त्यसलाई एकलबद्ध मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कनमा भाषाका विभिन्न पक्षहरूको छुट्टाछुट्टै परीक्षण गरिन्छ । जस्तै : वर्णविन्यास, शब्दनिर्माण, वाक्यगठन आदि । भाषाका विभिन्न सीपहरू पृथकीकृत गर्न नसकिने हुनाले उक्त पाठ्यवस्तुहरूलाई समग्रताबद्ध मूल्याङ्कनबाट परीक्षण गर्नुपर्दछ । समग्र मूल्याङ्कन भन्नाले भाषाका विभिन्न सीपहरूको एकीकृत मूल्याङ्कन भन्ने बुझिन्छ । यसमा बोधप्रश्न, अनुच्छेद लेखन, चिठी लेखन, दैनिकी लेखन, संवाद, वादविवाद आदि पर्दछन् ।

### २. ३. ७. प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन

कुनै निश्चित वा तोकिएको भाषापाठ्यक्रममा प्रवेश लिनका लागि उम्मेदवारको छनोट गर्नुपर्दा सम्बन्धित पाठ्यक्रमको अध्ययनका लागि आवश्यक पृष्ठभूमि छ वा छैन

भनेर उम्मेदवारलाई लिइने मूल्याङ्कनलाई प्रवेश मूल्याङ्कन भनिन्छ । स्थान निर्धारण मूल्याङ्कन भने खासगरी नवप्रवेशार्थीलाई समूहका अन्य विद्यार्थी समान भाषाका विविध सीप वा क्षेत्रको शिक्षण गर्न सकियोस् भन्ने दृष्टिले उपयोग गरिन्छ ।

## २. ४. भाषिक मूल्याङ्कनका साधनहरू

### २. ४. १. मौखिक जाँच

मौखिक जाँच भाषिक मूल्याङ्कनका लागि अत्यावश्यक हो । यस्तो जाँचबाट सुनाइ, बोलाइसम्बन्धी विभिन्न वस्तु तथा चित्र वर्णन, उच्चारण, सस्वरपठन, पठनबोध जस्ता कुराको मूल्याङ्कन गर्न सकिन्छ । यसर्थ मौखिक जाँच लिएर भाषा शिक्षकले भाषिक सीपका मूल्याङ्कन गर्न सक्छन् ।

### २. ४. २. लिखित जाँच

भाषिक मूल्याङ्कनका लागि लिखित जाँचको आफ्नै महŒव छ । लिखित जाँचबाट मात्र सम्पूर्ण भाषिक मूल्याङ्कन सम्भव हुँदैन । प्रायः लिखित जाँचकै माध्यमबाट भाषिक मूल्याङ्कन गरिने प्रचलन रहेको छ । लिखित जाँचका माध्यमले लेखन क्षमता, बोध, प्रश्नोत्तर, हिज्जे, शब्दप्रयोग आदि कुराको मूल्याङ्कन गर्न सकिन्छ ।

### २. ४. ३. अवलोकन

कुनै वस्तु, घटना वा विषयलाई सरसर्ती हेर्ने कार्य नै अवलोकन हो । लिखित तथा मौखिक जाँचका अतिरिक्त मूल्याङ्कनको अर्को साधन अवलोकन हो । यो लिखित, मौखिक जाँचभन्दा भिन्न प्रकृतिको हुन्छ । भाषिक सीप तथा क्षमताको मूल्याङ्कनका लागि अवलोकन एक उपयोगी माध्यम बन्नसक्छ । अवलोकन गर्दा निम्न साधनको प्रयोग गर्नुपर्ने हुन्छ :

**क) जाँचसूची**

जाँचसूची भनेको विद्यार्थीको योग्यता तथा आचरणसम्बन्धी गुणहरूको परीक्षण गर्ने सूची हो । यसबाट विद्यार्थीको योग्यता र आचरणको श्रेणी निर्धारण हुन्छ । यसमा परीक्षणीय कुराका मुख्य-मुख्य बुँदा दिई तिनमा प्रत्येक विद्यार्थीको क्षमता के कस्तो छ सो तोक्न प्रत्येक बुँदामा विभिन्न किसिमका विकल्प समावेश गरिएका हुन्छन् । उक्त

विकल्पमध्ये सम्बन्धित विद्यार्थीका लागि जुन उपयुक्त छ त्यसमा चिनो लगाइन्छ । जाँचसूचीमा आवश्यक कुरा लेख्न खाली ठाउँसमेत दिइन्छ ।

**ख) श्रेणीमापन**

विद्यार्थीको कुनै खास व्यवहारको अध्ययन गरी वर्गीकरण गरेर क्रम निर्धारण गर्ने मूल्याङ्कनको साधन श्रेणीमापन हो । श्रेणीमापन गर्दा विद्यार्थीको अपेक्षित व्यवहार मूल्याङ्कनका लागि सम्पादन गर्नुपर्ने कार्य वा क्रियाकलापको सूची बनाइन्छ । श्रेणीमापन गरेर खास-खास कुरामा खास विद्यार्थीको सीप, समझ, धारणा तथा सुझको श्रेणी वा स्तर कुन खालको छ सो ठम्याइन्छ ।

## २. ५. सारांश

भाषा शिक्षण भनेको भाषिक सीपको शिक्षण हो । विषयवस्तुका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको शिक्षण नै भाषा शिक्षण हो । भाषाको शिक्षणपछि त्यसको मूल्याङ्कन गर्ने निश्चित सैद्धान्तिक आधार अवलम्बन गर्नुपर्ने हुन्छ । भाषिक मूल्याङ्कनका सिद्धान्तभित्र पाठ्यक्रम विश्लेषित मूल्याङ्कनका सिद्धान्त, पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण, प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट, भाषिक सीपको समग्रताका आधारमा भाषा तŒवको मूल्याङ्कन, मूल्याङ्कनीय वस्तु र मूल्याङ्कन युक्तिको सहसम्बन्ध, पूर्वनियोजित मूल्याङ्कन प्रविधिको परिपालन पर्दछन् । यसका साथै भाषिक मूल्याङ्कनका विभिन्न प्रकारहरू पनि रहेका छन् । जसमा सामयिक र औपचारिक मूल्याङ्कन, विषयगत र वस्तुगत मूल्याङ्कन, निरन्तर र अनौपचारिक मूल्याङ्कन, एकलबद्ध र समग्रताबद्ध मूल्याङ्कन र दक्षतापरक मूल्याङ्कन आदि पर्दछन् । उल्लिखित सिद्धान्त र प्रकारअनुरूप भाषिक मूल्याङ्कन गर्दा मौखिक जाँच, लिखित, अवलोकन जस्ता साधनहरूको उपयोग गरिन्छ ।

## २. ६. सैद्धान्तिक पृष्ठभूमि

### २. ६. १. जनसङ्ख्या तथा प्रतिनिधि नमुना

अध्ययनमा प्रयोग हुने समूह नै जनसङ्ख्या वा प्रतिनिधि नमुना हो । जुनसुकै कुराको अध्ययन विश्लेषण गर्ने क्रममा जनसङ्ख्याको आवश्यकता पर्दछ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा पनि जनसङ्ख्या तथा नमुना छनोट विधि अपनाइएको छ । यस अध्ययनका

क्रममा विद्यार्थीलाई निश्चित अवधिसम्म शिक्षण गरी विद्यार्थीहरूमा आएको सिकाइ प्रगतिको अभिलेख राखिएको छ । सिकाइ प्रगतिको अभिलेख राख्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । यो शोधपत्र तयार पार्न मोरङ जिल्लाको एक सरकारी विद्यालय श्री सिंहवाहिनी उच्च माध्यमिक विद्यालयको कक्षा ७ मा अध्ययन गर्ने ३० जना विद्यार्थीहरूलाई लिइएको छ । नमुनाका रूपमा लिइएका ३० जना विद्यार्थीहरूलाई केन्द्र मानी यो अध्ययन अगाडि बढाइएको छ ।

### २. ६. २. **सामग्री निर्माण**

कुनै पनि शोधकार्यलाई अगाडि बढाउनका लागि सर्वप्रथम अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गरिनुपर्दछ । प्रस्तुत अध्ययनलाई अगाडि बढाउनका लागि प्राथमिक तथा गौण सामग्रीको प्रयोग गरिएको छ ।

#### २. ६. २. १. **प्राथमिक सामग्री**

यस शोधको प्रमुख स्रोत सामग्रीका रूपमा कक्षा ७ मा अध्यापन गराइने नेपाली किताब रहेको छ । प्राथमिक सामग्री निर्माणकै क्रममा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शब्दभण्डार, शब्दज्ञान जस्ता पक्षमा आधारित भई पूर्वपरीक्षणका लागि १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ । कक्षा ६ को स्तरको प्रश्नपत्र तयार गरी विद्यार्थीको तत्कालीन अवस्थाको भाषिक क्षमता परीक्षण गर्न पूर्वपरीक्षण गरिएको छ । यसैगरी नेपाली किताबमा भएका अभ्यासहरू र अन्य स्तर सुहाउँदा सिर्जनात्मक उत्तर लेख्न सक्नेखालका प्रश्नहरू निर्माण गरी प्रत्येक हप्ता १०० पूर्णाङ्कको आवधिक परीक्षा लिइएको छ । प्राथमिक सामग्री निर्माणकै क्रममा आवधिक परीक्षाका सामग्री निर्माणपछि उत्तरपरीक्षणका लागि ६ हप्तापछिको समयावधिमा अध्यापन गराइएका पाठहरूबाट शब्दभण्डार, शब्दज्ञान, सिर्जनात्मक अभ्यास, उत्तर लेख जस्ता कुरा उल्लेख गरी भाषिक सीपलाई समेट्ने खालको १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरिएको छ । त्यसपछि पूर्वपरीक्षण र उत्तरपरीक्षणको प्राप्ताङ्कको मूल्याङ्कन गरी तुलनात्मक तालिका निर्माण गरिएको छ ।

#### २. ६. २. २. **गौण सामग्री**

सामान्यतयाः अनुसन्धानमा प्रयोग गरिने प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीलाई बढी भरपर्दो र विश्वसनीय मान्ने गरिन्छ । तैपनि कतिपय अवस्थामा द्वितीयक स्रोतका सामग्रीहरूलाई पनि बढी आधिकारिक मान्नुपर्ने हुन्छ । यो शोधपत्र तयार गर्ने क्रममा सामग्रीको रूपमा पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरले प्रकाशित गरेको विद्यार्थी मूल्याङ्कन पुस्तिका र फारमहरू रहेका छन् । त्यसैगरी डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलद्वारा लिखित नेपाली भाषा र साहित्य-शिक्षण पुस्तकमा उल्लेख भएका भाषिक मूल्याङ्कनसम्बन्धी कुराहरूलाई यसमा गौण सामग्रीका रूपमा लिइएको छ । यसै गरी डा. यादवप्रकाश लामिछानेको भाषा शिक्षण पुस्तकमा उल्लिखित भाषिक सीपको मूल्याङ्कनसम्बन्धी कुराहरू पनि यस शोधको गौण सामग्री बन्न पुगेको छ ।

निरन्तर रूपमा ६ हप्ताको प्रत्यक्ष कक्षा शिक्षणपश्चात् प्राथमिक तथा गौण सामग्रीको उचित तालमेल मिलाई यो शोधपत्र पूरा गरिएको छ । विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण गर्नका लागि कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा जस्ता पक्षमा प्रत्यक्ष अवलोकन र संलग्नताका आधारमा निश्चित पूर्णाङ्कको व्यवस्था गरी सजिलो पारिएको छ ।

### २. ६. ३. **तथ्याङ्क विश्लेषण**

तथ्यहरूको व्याख्या र विश्लेषणका लागि पूर्वपरीक्षण तथा उत्तरपरीक्षणको तुलनात्मक अध्ययन गरिएको छ । प्रत्येक हप्ताको आवधिक परीक्षाको नतिजा तालिकीकरण र वर्गीकरण गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरिएको छ ।

### २. ६. ४. **सारांश**

प्रस्तुत शोधपत्र तयार पार्नका लागि पूर्वपरीक्षण, कक्षाकार्य, गृहकार्य, आवधिक परीक्षा आदिको अध्ययन गर्दा निश्चित जनसङ्ख्या छनोट गरिएको छ । त्यस्तै यसमा प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता युक्तिहरूको उपयोग गरिएको छ । त्यसैगरी सामग्रीलाई सकेसम्म भरपर्दो, विश्वसनीय र व्यावहारिक बनाउनका लागि प्रत्यक्ष कक्षा अवलोकन विधिलाई प्रमुखताका साथ अपनाइएको छ । निरन्तर रूपमा ६ हप्ताको प्रत्यक्ष शिक्षण क्रममा देखिएको प्रगति विवरणलाई पूर्वपरीक्षण र उत्तरपरीक्षणको तुलनात्मक तालिकामा प्रस्तुत गरिएको छ ।

# अध्याय : तीन

# निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक पृष्ठभूमि

## ३. १. परिचय

शिक्षण सिकाइ प्रक्रियामा आन्तरिक रूपबाट लगातार गरिने मूल्याङ्कन नै निरन्तर मूल्याङ्कन हो । एकोहोरो शिक्षण कार्यले मात्र शिक्षण कार्यको वास्तविक उपलब्त्रिध हासिल हुन सक्दैन । शिक्षण कार्य के-कति प्रभावकारी रूपमा कार्यान्वयन भयो ? विद्यार्थीहरूको के कस्ता सिकाइ उपलब्धि हासिल भए, शिक्षण विधि कत्तिको प्रभावकारी भयो, पाठ्यसामग्रीको उपयोगिता के कस्तो भयो इत्यादि प्रश्नहरूको जवाफका लागि निरन्तर रूपमा अनुगमन मूल्याङ्कन हुन जरुरी छ । भाषाशिक्षण भन्नु नै भाषिक सीपहरूका शिक्षण हो जुन सीपमूलक अभ्यास तथा शिक्षणमा निरन्तर मूल्याङ्कनको खाँचो पर्दछ । यस्तो मूल्याङ्कन रचनात्मक किसिमको हुनुपर्दछ । सीपमूलक क्रियाकलापमा विद्यार्थीहरूलाई शिक्षकले बारम्बार निरीक्षण एवम् अवलोकन गर्नुपर्दछ । विद्यार्थीहरूको सिकाइमा देखिएका कठिनाइ र उनीहरूले गर्ने गलत सामान्यीकरणहरूलाई निरूपण गर्नमा शिक्षकले सहयोग पुऱ्याउनुपर्दछ । विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यासमा प्रत्यक्ष सरिक गराएर निरीक्षण अवलोकन गरी रचनात्मक सुधार गर्नेतर्फ प्रेरित गरिरहनु पर्दछ । सन्दर्भ अनुकूल कहिले प्रश्नोत्तर र कहिलेकाहीँ सीपगत आवश्यकताअनुसार लिखित परीक्षामा संलग्न गराएर शिक्षणीय प्रभाव र उपलब्धि थाहा पाइराख्नु पर्दछ र आवश्यकता अनुरूप सुधार पनि गर्नुपर्छ । यसका साथै औपचारिक किसिमका परीक्षा सञ्चालन गरी उनीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई अभिलेख राख्नुपर्दछ । उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कअनुसार श्रेणी समूह र कक्षा निर्धारण गर्नुपर्दछ ।

शैक्षिक उद्देश्यहरू वास्तविक रूपमा कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो । विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्ने तरिकामा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन रहेका छन् । शिक्षण सिकाइ प्रक्रियामा आन्तरिक रूपबाट निरन्तर रूपमा गरिने मूल्याङ्कन नै निर्माणात्मक मूल्याङ्कन हो । यस मूल्याङ्कनमा शिक्षण सिकाइ क्रियाकलापबाट विषयगत रूपमा विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धिहरू, सामाजिक बानी व्यवहार, अतिरिक्त क्रियाकलापमा सहभागिता, कक्षाकार्य, गृहकार्य आदि कार्यको लेखाजोखा गरी अभिलेख राखिन्छ । उपलब्धिका आधारमा उत्तीर्ण, अनुत्तीर्ण वा श्रेणी निर्धारण

गरी सोको प्रामाणिक निर्णय दिने कार्य निर्णयात्मक मूल्याङ्कनले गर्दछ । निर्णयात्मक मूल्याङ्कन औपचारिक एवम् बाह्य हुन्छ ।

शिक्षण सिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीहरूले हासिल गरेको सिकाइ उपलब्धिको लेखाजोखा गरी स्तर पत्ता लगाउनु नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । (स्रोतः निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका : २०५९)

यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीकेन्द्रित विधि अपनाई तीक्ष्ण विद्यार्थीहरूलाई अझ प्रेरित गर्नुपर्दछ र सिकाइ स्तर न्यून भएकालाई थप सहयोग पुर्‍याई सिक्न उत्सुक बनाउनु पर्दछ ।

तोकिएको समयभित्र कुनै विषय वा घटनामा आएको उन्नतिलाई विस्तारपूर्वक वर्णन गर्नु वा त्यसलाई हेर्नु, छानबिन गर्नु नै आवधिक प्रगति विवरणको अध्ययन हो । निरन्तर कक्षाशिक्षण पश्चात् विद्यार्थीमा देखिने क्षमता वृद्धिलाई आवधिक प्रगति अन्तर्गत लिन सकिन्छ (स्रोत : पाठ्यक्रम परिचयात्मक तालिका पुस्तिका, सामाजिक शिक्षा, २०५६, पाठ्यक्रम विकास केन्द्र) ।

मूल्याङ्कन भन्ने बित्तिकै प्रश्नपत्र निर्माण गरी परीक्षा लिने कुरा सम्झन्छौँ तर निरन्तर विद्यार्थी मूल्याङ्कन प्रविधिको परिचालन गरी विद्यार्थीमुखी शिक्षण विधिलाई उपयोग गर्दै मूल्याङ्कन गर्न सकिन्छ । यसका साधनहरूमा कक्षाकार्य, गृहकार्य, अभ्यास, प्रयोग, अवलोकन, कक्षा सहभागिता जस्ता साधनहरू पर्दछन् । यी साधनका माध्यमले विद्यार्थीको भाषिक तथा शैक्षिक प्रगतिको लेखाजोखा गर्नमा सहयोग पुर्‍याइरहेका हुन्छन् ।

## ३. २. निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषताहरू

विद्यार्थीको परिमाणात्मक र गुणात्मक पक्षको लेखाजोखा गरी सही निर्णयमा पुग्ने कार्य विद्यार्थी मूल्याङ्कन हो । शिक्षण सिकाइ क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए, भएनन् र विद्यार्थीको व्यवहारमा के कति परिवर्तन आयो, आएन जस्ता कुराहरूको मापन गर्ने प्रक्रियालाई विद्यार्थी मूल्याङ्कन भनिन्छ । विद्यार्थी मूल्याङ्कन सामान्यतः दुई वटा उद्देश्यका लागि गरिन्छ । एउटा उद्देश्य विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिका आधारमा उत्तीर्ण, अनुत्तीर्ण वा श्रेणी निर्धारण गरी सोको प्रामाणिक निर्णय दिने हो भने अर्को उद्देश्य शिक्षण सिकाइका क्रममा विद्यार्थीका कमजोरी वा आवश्यकता पत्ता लगाई कार्यक्रम चलिरहेकै अवस्थामा पठनपाठनमा सुधार ल्याउने प्रयास गर्नु हो । कार्यक्रम कार्यान्वयन सिलसिलामा निरन्तर रूपमा गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । शिक्षण सिकाइ

प्रभावकारी तुल्याउन विद्यार्थीका गल्ती कमजोरी पत्ता लगाई सुधार गर्न, शिक्षण विधि चयन गर्न इत्यादि उद्देश्य नै निर्माणात्मक मूल्याङ्कनको उद्देश्य हो । यसका साधनहरूमा कक्षाकार्य, गृहकार्य, अभ्यास, अवलोकन, निरीक्षण जस्ता साधनहरू पर्दछन् । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाका मुख्य विशेषताहरू निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क) शिक्षण सिकाइ प्रक्रियामा आन्तरिक रूपबाट लगातार रूपमा गरिने मूल्याङ्कन नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो ।

ख) अनौपचारिक ढङ्गले पनि विद्यार्थी मूल्याङ्कन गरिन्छ ।

ग) परीक्षाबाहेक अन्य मूल्याङ्कन साधनहरूको उपयोग यस मूल्याङ्कनमा गर्न सकिन्छ ।

घ) प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणका रूपमा उपयोग गरिन्छ ।

ङ) यस मूल्याङ्कनबाट प्रतिभावान् विद्यार्थीलाई थप प्रेरणा मिल्नुका साथै कमजोर विद्यार्थीहरूलाई स्तर वृद्धि गर्न उपयोग गरिन्छ ।

## ३. ३. निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य र कार्य

आवधिक प्रगति विवरण अध्ययनको उद्देश्य निश्चित अवधिमा विद्यार्थीहरूमा आएको प्रगति, उन्नतिको लेखाजोखा गरी अभिलेखीकरण गर्नु हो । यसमा निरन्तर मूल्याङ्कन प्रणालीको अनुशरण गरी विद्यार्थीहरूको सिकाइमा देखिएका कमजोरीलाई निराकरण गर्नुका साथै सिकाइलाई प्रभावकारी बनाउन प्रेरणा समेत मिल्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कनका उद्देश्य तथा कार्य निम्नलिखित रहेको पाइन्छ :

क) मूल्याङ्कनका विविध साधन र माध्यमको प्रयोग गरी विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्ने ।

ख) कन्ठाग्र गर्ने प्रवृत्ति र परीक्षामुखी प्रवृत्तिलाई निरुत्साहित गर्ने ।

ग) विद्यार्थीहरूलाई परीक्षाको सन्त्रासमय वातावरण कम गराउने ।

घ) तीक्ष्ण विद्यार्थीका लागि थप हौसला र कमजोर विद्यार्थीका लागि विशेष मदत दिने ।

ङ) मूल्याङ्कनलाई विद्यार्थीकेन्द्रित एवम् प्रभावकारी तुल्याउने ।

च) नियमित रूपमा विद्यार्थी विद्यालय आउने वातावरण तय गर्ने ।

छ) कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या कम गराउने ।

ज) विद्यार्थीका अनुभव र व्यवहारको दैनिक लेखाजोखा गर्ने ।

झ) शिक्षण विधिलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

## ३. ४. अध्ययनका आधारहरू

कुनै पनि अध्ययन विश्लेषण गर्ने निश्चित आधार हुन्छन् । त्यस्तै आवधिक प्रगति विवरणको अध्ययन गर्ने कार्यमा मुख्यतः आन्तरिक र बाह्य आधार अपनाउनु राम्रो हुन्छ । प्रस्तुत शोधपत्रमा पनि आन्तरिक र बाह्य दुई आधार अवलम्बन गरिएको छ ।

### ३. ४. १. आन्तरिक आधार

आन्तरिक आधारमा विद्यार्थीहरूको नियमित अवलोकन गरी अध्ययन गरिन्छ । विद्यार्थीले कक्षा सहभागितामा देखाउने विभिन्न पक्षहरू जस्तैः कक्षाकार्य, गृहकार्य, व्यवहार परिवर्तन, हस्तलेखन जस्ता कम औपचारिक परीक्षा प्रणाली यसअन्तर्गत पर्दछन् । आन्तरिक आधारले विद्यार्थीहरूको सिकाइ पृष्ठपोषणको काम गरिरहेको हुन्छ ।

### ३. ४. २. बाह्य आधार

आन्तरिक आधारबाहेकका अन्य लिखित परीक्षाहरू जस्तैः पूर्वपरीक्षण, आवधिक परीक्षा, उत्तरपुस्तिका परीक्षण आदि बाह्य आधारमा पर्दछन् । यसमा विद्यार्थीहरूलाई औपचारिक परीक्षामा समेल गराई निश्चित अङ्क प्रदान गरी उनीहरूको सिकाइ उपलब्धिको विवरण देखाइएको छ ।

## ३. ५. सारांश

विद्यार्थीहरूको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने निर्णयात्मक र निर्माणात्मक मूल्याङ्कन विद्यार्थीहरूको स्तर निर्धारणसँग सम्बन्धित छ भने निर्माणात्मक मूल्याङ्कन विद्यार्थीको सिकाइ उपलब्धिको नियमित लेखाजोखासँग सम्बन्धित छ । आवश्यकताअनुरूप हरेक शिक्षण सिकाइ कार्यकलापसँगै बारम्बार गरिने निरन्तर मूल्याङ्कनबाट तेज विद्यार्थीहरूलाई थप हौसला मिल्नुका साथै कमजोर विद्यार्थीहरूलाई उपलब्धि स्तर बढाउन सहयोग पुग्छ । विद्यार्थीहरूमा आएका प्रगति लेखाजोखा गर्न निरन्तर मूल्याङ्कनका विभिन्न साधन र माध्यमको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्ने उद्देश्य लिइएको छ । मूल्याङ्कनलाई विद्यार्थीकेन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्नुका साथै जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि मदत दिनु यसको कार्य रहेको छ । विद्यार्थीहरूमा परीक्षाको सन्त्रास कम गर्नु, कक्षा दोहोऱ्याउने र बीचैमा कक्षा छोड्ने विद्यार्थी सङ्ख्या न्यून गर्नु यसको उद्देश्य रहेको छ । निश्चित उद्देश्य र कार्यका साथ आन्तरिक र बाह्य दुई आधारमा आधारित भएर अघि बढेको छ ।

# अध्याय : चार
# तथ्याङ्क विश्लेषण

## ४. १. निरन्तर मूल्याङ्कनको व्याख्या तथा विश्लेषण

यस शोधको अध्ययन कार्यका क्रममा के कस्ता कार्यहरू भए भन्ने सहित अध्ययन अगाडि गरिएको पूर्वपरीक्षण, आवधिक परीक्षा र उत्तरपुस्तिका परीक्षण विश्लेषण गर्ने काम यस अध्यायमा गरिएको छ । १०० पूर्णाङ्कको पूर्वपरीक्षण र १०० पूर्णाङ्कको उत्तरपरीक्षण सञ्चालन गरी यी दुईको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ । त्यसै गरी प्रत्येक हप्ता कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा र आवधिक परीक्षा गरी १०० पूर्णाङ्कको निरन्तर मूल्याङ्कन गरिएको छ । त्यसरी नै कक्षाकार्य र गृहकार्य, मौखिक र लिखित तथा उच्च प्रगति स्तर भएका र नभएकाको तुलनात्मक विवरणसमेत प्रस्तुत गरिएको छ ।

## ४. २. पूर्वपरीक्षण

कुनै पनि कार्यको प्रारम्भ हुनुअगाडि गरिने जाँच नै पूर्वपरीक्षण हो । यस शोधलाई अगाडि बढाउन कक्षा ६ उत्तीर्ण भई कक्षा ७ मा भर्ना भएका ३० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । अध्ययनको सुरुमा उनीहरूलाई कक्षा ६ को स्तरको प्रश्नपत्र तयार पारी १०० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई अभिलेखको रूपमा राखिएको छ । पूर्वपरीक्षणका रूपमा लिइएको यस परीक्षणको प्रश्नपत्रमा उत्तर लेख्ने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, वाक्य बनाउने, शब्द अर्थ लेख्ने, सिर्जनात्मक लेखन जस्ता प्रश्नहरू सोधिएको छ । उनीहरूबाट प्राप्त भएको उत्तरलाई प्रश्नपत्रको अङ्कलाई अभिलेख राखिएको छ । आफ्नो शोधअनुकूल उक्त प्राप्ताङ्कलाई अभिलेख राख्दै उत्तरपरीक्षणसम्म पुगेर पूर्वपरीक्षण र उत्तरपरीक्षणबीचको तुलना गरिएको छ । आफू विद्यालयमा गई प्रत्यक्ष शिक्षण कार्य गर्न थालेका तेस्रो दिन लिइएको उक्त पूर्वपरीक्षणको नतिजा यसप्रकार रहेको छ :

## पूर्वपरीक्षण

| क्र.स. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | इन्द्र गिरी | १०० | ७६ | ७६% |
| २ | अस्मिता रोक्का | १०० | ७५ | ७५% |
| ३ | स्वस्तिका कार्की | १०० | ७४ | ७४% |
| ४ | रूपा श्रेष्ठ | १०० | ७० | ७०% |
| ५ | विष्णुमाया पयाङ्गु | १०० | ६५ | ६५% |
| ६ | मानबहादुर मगर | १०० | ६२ | ६२% |
| ७ | सृजना गुरुङ | १०० | ६३ | ६३% |
| ८ | प्रकाश चौहान | १०० | ६१ | ६१% |
| ९ | अनुराधा राउत | १०० | ६१ | ६१% |
| १० | निशान राई | १०० | ५७ | ५७% |
| ११ | सुनिता तामाङ | १०० | ५९ | ५९% |
| १२ | इस्ना धिमाल | १०० | ५७ | ५७% |
| १३ | आकृति राई | १०० | ६० | ६०% |
| १४ | दलबहादुर पराजुली | १०० | ६२ | ६२% |
| १५ | गीता खड्का | १०० | ६४ | ६४% |
| १६ | प्रजिता राई | १०० | ६५ | ६५% |
| १७ | पूर्णा दर्जी | १०० | ६० | ६०% |
| १८ | विवेक पराजुली | १०० | ६५ | ६५% |
| १९ | रूपा राई | १०० | ६४ | ६४% |
| २० | निशा विश्वकर्मा | १०० | ५९ | ५९% |
| २१ | ललिता भट्टराई | १०० | ४४ | ४४% |
| २२ | पवित्रा बिष्ट | १०० | ५८ | ५८% |
| २३ | रीता श्रेष्ठ | १०० | ५९ | ५९% |
| २४ | मीना खड्का | १०० | ५४ | ५४% |
| २५ | सम्झना मगर | १०० | ५८ | ५८% |
| २६ | कुमार पराजुली | १०० | ४९ | ४९% |
| २७ | लीलामणि नेपाल | १०० | ५० | ५०% |
| २८ | सलिना राई | १०० | ६५ | ६५% |
| २९ | रेखा दर्जी | १०० | ४३ | ४३% |
| ३० | ममता राई | १०० | ४४ | ४४% |

उक्त तालिकामा कक्षा ६ को स्तरका प्रश्न निर्माण गरी सञ्चालन गरिएको परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई प्रतिशतमा राखी प्रस्तुत गरिएको छ । पूर्वपरीक्षणका रूपमा लिइएको उक्त परीक्षालाई उत्तरपरीक्षणसँग तुलना गरी उलब्धि स्तर पत्ता लगाउन प्रयोग गरिएको छ । माथिको तालिकामा ४०% देखि ५०% सम्म बीचमा अङ्क ल्याउने ५ जना, ५०% देखि ६०% सम्मको बीचमा अङ्क ल्याउने ८ जना, ६०% देखि ७०% सम्मको बीचमा अङ्क ल्याउने १३ जना, ७०% देखि ८०% सम्मको बीचमा अङ्क ल्याउने ४ जना रहेका छन् । सबैभन्दा घटी अङ्क ४२% रहेको छ । यस परीक्षणको औसत प्राप्ताङ्क ६०.०३% रहेको छ ।

## ४. ३. आवधिक परीक्षा

पूर्वपरीक्षणबाट आएको नतिजाको अभिलेख राखी त्यसको एक हप्ता पश्चात् निरन्तर रूपमा विद्यार्थीहरूलाई दिइने गृहकार्य समेतलाई निश्चित पूर्णाङ्क विभाजन गरी यो परीक्षा सञ्चालन गरिएको छ । यसका लागि लिखित तथा मौखिक परीक्षा सञ्चालन गरी विद्यार्थीहरूको आवधिक उपलब्धि स्तर उल्लेख गरिएको छ । कक्षा शिक्षणमा विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता तथा उनीहरूले नेपाली भाषा सिकाइमा देखाएको उत्सुकताबाट उनीहरूमा प्रगति विवरण प्रस्तुत गर्न निकै सजिलो भएको छ । एक हप्तामा पढाएका पाठहरूबाट प्रश्न निर्माण गरी हरेक आवधिक परीक्षा सञ्चालन गरिएको छ । हरेक प्रश्नको अङ्कभार तोकिएका आधारमा उत्तरपुस्तिका परीक्षण गरी प्राप्त नतिजा राखिएको छ । कक्षाकार्य तथा गृहकार्यलाई छुट्टाछुट्टै अङ्कभार कायम गरी उनीहरूले गरेको अभ्यासका आधारमा अङ्क प्रदान गरिएको छ । प्राप्ताङ्कलाई प्रतिशतका रूपमा उल्लेख गरिएको छ ।

### ४. ३. १. पहिलो आवधिक परीक्षा

| क्र स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | इन्द्र गिरी | २० | १२.५ | २० | १४ | १० | ७.५ | ५० | ३६ | ७२% |
| २ | अस्मिता रोक्का | २० | १२ | २० | १३ | १० | ६ | ५० | ३७ | ६८% |
| ३ | स्वस्तिका कार्की | २० | ११ | २० | १३ | १० | ५ | ५० | २७ | ५६% |
| ४ | रूपा श्रेष्ठ | २० | १३ | २० | १२ | १० | ६ | ५० | ४० | ७१% |
| ५ | विष्णुमाया पयाङ्गु | २० | १४ | २० | १२ | १० | ६ | ५० | ३६ | ६८% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | मानबहादुर मगर | २० | ९ | २० | ११ | १० | ५ | ५० | २७ | ५२% |
| ७ | सृजना गुरुङ | २० | १२ | २० | ११ | १० | ४ | ५० | ३१ | ५८% |
| ८ | प्रकाश चौहान | २० | ९ | २० | १० | १० | ६ | ५० | १९ | ४४% |
| ९ | अनुराधा राउत | २० | ८ | २० | ११ | १० | ५ | ५० | १७ | ४१% |
| १० | निशान राई | २० | ११ | २० | १० | १० | ७ | ५० | २९ | ५७% |
| ११ | सुनिता तामाङ | २० | १० | २० | ९ | १० | ५ | ५० | २४ | ४८% |
| १२ | इस्ना धिमाल | २० | ९ | २० | ९ | १० | ३ | ५० | २२ | ४३% |
| १३ | आकृति राई | २० | ८ | २० | ९ | १० | ६ | ५० | ३२ | ५५% |
| १४ | दलबहादुर पराजुली | २० | १२ | २० | ११ | १० | ५ | ५० | २९ | ५७% |
| १५ | गीता खड्का | २० | १२ | २० | १२ | १० | ४ | ५० | ३२ | ६१% |
| १६ | प्रजिता राई | २० | १० | २० | १० | १० | ५ | ५० | २५ | ५०% |
| १७ | पूर्णा दर्जी | २० | ८ | २० | ९ | १० | ५ | ५० | २६ | ४८% |
| १८ | विवेक पराजुली | २० | ९ | २० | ११ | १० | ६ | ५० | २६ | ५२% |
| १९ | रूपा राई | २० | ९ | २० | १० | १० | ५ | ५० | २५ | ४९% |
| २० | निशा विश्वकर्मा | २० | ८ | २० | ९ | १० | ४ | ५० | १६ | ३७% |
| २१ | ललिता भट्टराई | २० | ६ | २० | ६ | १० | ५ | ५० | २७ | ४४% |
| २२ | पवित्रा बिष्ट | २० | १० | २० | ११ | १० | ५ | ५० | २१ | ४७% |
| २३ | रीता श्रेष्ठ | २० | १० | २० | १० | १० | ६ | ५० | ३१ | ५७% |
| २४ | मीना खड्का | २० | ८ | २० | ९ | १० | ५ | ५० | १६ | ३८% |
| २५ | सम्झना मगर | २० | १० | २० | १० | १० | ५ | ५० | २३ | ४८% |
| २६ | कुमार पराजुली | २० | ९ | २० | ९ | १० | ४ | ५० | १७ | ३९% |
| २७ | लीलामणि नेपाल | २० | २ | २० | ११ | १० | ६ | ५० | २६ | ५६% |
| २८ | सलिना राई | २० | ११ | २० | १३ | १० | ७ | ५० | ३४ | ६७% |
| २९ | रेखा दर्जी | २० | १० | २० | १० | १० | ५ | ५० | ३५ | ५९% |
| ३० | ममता राई | २० | ८ | २० | ८ | १० | ४ | ५० | १६ | ३६% |

माथिको तालिकाअनुसार आवधिक परीक्षालाई पनि कक्षाकार्यको २० पूर्णाङ्क, गृहकार्य २० पूर्णाङ्क, मौखिक परीक्षाको १० पूर्णाङ्क र लिखित ५० पूर्णाङ्क गरी १०० पूर्णाङ्कको परीक्षा सञ्चालन गरिएको छ । उक्त आवधिक परीक्षाको उपलब्धिलाई अभिलेख राखिएको छ ।

पहिलो पटक गरिएको आधिक परीक्षा पूर्वपरीक्षणको एक हप्ता पश्चात् लिइएको छ । उक्त परीक्षामा ४०% देखि ५०% अङ्क ल्याउने विद्यार्थीहरू ९ जना, ५०% देखि ६०% अङ्क ल्याउने ११ जना, ६०% देखि ७०% अङ्क ल्याउने ४ जना, ७०% भन्दा बढी अङ्क ल्याउने २ जना र ४०% भन्दा कम अङ्क ल्याउने ४ जना रहेका छन् । यसरी परीक्षामा सबैभन्दा बढी ७१%, सबैभन्दा कम ३६% र औसत अङ्क ५२.५६ रहेको छ ।

## ४. ३. २. दोस्रो आवधिक परीक्षा

| क्र स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | इन्द्र गिरी | २० | १३ | २० | १४ | १० | ७ | ५० | ३७ | ७१% |
| २ | अस्मिता रोक्का | २० | १३ | २० | १३ | १० | ६ | ५० | ३५ | ६६% |
| ३ | स्वस्तिका कार्की | २० | १२ | २० | ११ | १० | ७ | ५० | ३० | ६०% |
| ४ | रूपा श्रेष्ठ | २० | १४ | २० | १५ | १० | ८ | ५० | ४१ | ७८% |
| ५ | विष्णुमाया पयाङ्गु | २० | १४ | २० | १३ | १० | ७ | ५० | ३५ | ६९% |
| ६ | मानबहादुर मगर | २० | १० | २० | ११ | १० | ५ | ५० | २८ | ५४% |
| ७ | सृजना गुरुङ | २० | १३ | २० | १२ | १० | ६ | ५० | ३६ | ६७% |
| ८ | प्रकाश चौहान | २० | १० | २० | ११ | १० | ६ | ५० | ३४ | ६१% |
| ९ | अनुराधा राउत | २० | ८ | २० | ९ | १० | ५ | ५० | २४ | ४६% |
| १० | निशान राई | २० | ११ | २० | १० | १० | ५ | ५० | २६ | ५२% |
| ११ | सुनिता तामाङ | २० | ११ | २० | १२ | १० | ६ | ५० | ३० | ५९% |
| १२ | इस्ना धिमाल | २० | ९ | २० | १० | १० | ४ | ५० | २५ | ४८% |
| १३ | आकृति राई | २० | ९ | २० | १० | १० | ५ | ५० | ३३ | ५७% |
| १४ | दलबहादुर पराजुली | २० | ११ | २० | १० | १० | ६ | ५० | २६ | ५३% |
| १५ | गीता खड्का | २० | १२ | २० | ११ | १० | ६ | ५० | ३० | ६२% |
| १६ | प्रजिता राई | २० | ११ | २० | १२ | १० | ५ | ५० | ३२ | ६०% |
| १७ | पूर्णा दर्जी | २० | १० | २० | ११ | १० | ६ | ५० | ३० | ५७% |
| १८ | विवेक पराजुली | २० | १० | २० | ११ | १० | ७ | ५० | ३२ | ६०% |
| १९ | रूपा राई | २० | ९ | २० | १० | १० | ६ | ५० | २७ | ५०% |
| २० | निशा विश्वकर्मा | २० | ८ | २० | ९ | १० | ४ | ५० | २४ | ४५% |
| २१ | ललिता भट्टराई | २० | ७ | २० | ६ | १० | ५ | ५० | २७ | ४५% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | पवित्रा बिष्ट | २० | १० | २० | ९ | १० | ६ | ५० | २३ | ४८% |
| २३ | रीता श्रेष्ठ | २० | ९ | २० | १० | १० | ५ | ५० | ३० | ४५% |
| २४ | मीना खड्का | २० | ९ | २० | ८ | १० | ४ | ५० | २० | ४१% |
| २५ | सम्झना मगर | २० | १२ | २० | १२ | १० | ५ | ५० | ३२ | ६०% |
| २६ | कुमार पराजुली | २० | १० | २० | ११ | १० | ६ | ५० | २० | ४७% |
| २७ | लीलामणि नेपाल | २० | १२ | २० | १३ | १० | ६ | ५० | २६ | ५७% |
| २८ | सलिना राई | २० | १३ | २० | १४ | १० | ८ | ५० | ३५ | ७०% |
| २९ | रेखा दर्जी | २० | ११ | २० | १२ | १० | ३ | ५० | २८ | ५६% |
| ३० | ममता राई | २० | ८ | २० | १० | १० | ५ | ५० | १९ | ३९% |

पहिलो आवधिक परीक्षा लिइएको एक हप्तापछि लिइएको दोस्रो आवधिक परीक्षामा केही प्रगति भएको पाइन्छ । परीक्षाका कारण विद्यार्थीहरू पढाइमा निकै सक्रियता सता उत्सुकता देखिएकाले उनीहरूको थप प्रगति भएको मान्न सकिन्छ । यस आवधिक परीक्षाको प्राप्ताङ्कलाई हेर्दा ४०% देखि ५०% अङ्क ल्याउने विद्यार्थीहरू ७ जना, ५०% देखि ६०% अङ्क ल्याउने विद्यार्थी १२ जना, ६०% देखि ७०% अङ्क ल्याउने विद्यार्थीहरू ९ जना तथा ७०% भन्दा बढी अङ्क ल्याउने २ जना र ४०% भन्दा कम अङ्क ल्याउने १ जना रहेका छन् । पहिलो आवधिक परीक्षाको तुलनामा ३.६७% अङ्क वृद्धि भएको छ ।

### ४. ३. ३. **तेस्रो आवधिक परीक्षा**

| क्र स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | इन्द्र गिरी | २० | १४ | २० | १५ | १० | ७ | ५० | ३६ | ७२% |
| २ | अस्मिता रोक्का | २० | १४ | २० | १४ | १० | ७ | ५० | ३५ | ७०% |
| ३ | स्वस्तिका कार्की | २० | १३ | २० | १२ | १० | ७ | ५० | ३२ | ६४% |
| ४ | रूपा श्रेष्ठ | २० | १५ | २० | १५ | १० | ८ | ५० | ४२ | ८०% |
| ५ | विष्णुमाया पयाङ्गु | २० | १५ | २० | १४ | १० | ७ | ५० | ३८ | ७४% |
| ६ | मानबहादुर मगर | २० | ११ | २० | १२ | १० | ६ | ५० | ३० | ५९% |
| ७ | सृजना गुरुङ | २० | १४ | २० | १३ | १० | ७ | ५० | ३७ | ७१% |
| ८ | प्रकाश चौहान | २० | १२ | २० | १२ | १० | ७ | ५० | ३५ | ६६% |
| ९ | अनुराधा राउत | २० | १० | २० | ११ | १० | ६ | ५० | २७ | ५४% |
| १० | निशान राई | २० | १३ | २० | १२ | १० | ६ | ५० | २८ | ५९% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सुनिता तामाङ | २० | १४ | २० | १३ | १० | ७ | ५० | २७ | ६१% |
| १२ | इस्ना धिमाल | २० | १० | २० | १२ | १० | ६ | ५० | २५ | ५३% |
| १३ | आकृति राई | २० | ११ | २० | १२ | १० | ६ | ५० | ३४ | ६३% |
| १४ | दलबहादुर पराजुली | २० | १२ | २० | १० | १० | ७ | ५० | २८ | ५७% |
| १५ | गीता खड्का | २० | १५ | २० | १४ | १० | ८ | ५० | ३७ | ७४% |
| १६ | प्रजिता राई | २० | १२ | २० | १२ | १० | ६ | ५० | २८ | ५८% |
| १७ | पूर्णा दर्जी | २० | ११ | २० | १३ | १० | ७ | ५० | ३२ | ६३% |
| १८ | विवेक पराजुली | २० | १३ | २० | ११ | १० | ७ | ५० | ३७ | ६८% |
| १९ | रूपा राई | २० | १० | २० | १४ | १० | ७ | ५० | २९ | ६०% |
| २० | निशा विश्वकर्मा | २० | ९ | २० | १३ | १० | ८ | ५० | २८ | ५८% |
| २१ | ललिता भट्टराई | २० | ६ | २० | ७ | १० | ४ | ५० | ३३ | ४०% |
| २२ | पवित्रा बिष्ट | २० | १२ | २० | ११ | १० | ७ | ५० | २६ | ५६% |
| २३ | रीता श्रेष्ठ | २० | ११ | २० | १२ | १० | ७ | ५० | ३३ | ६३% |
| २४ | मीना खड्का | २० | १० | २० | १३ | १० | ६ | ५० | २५ | ५४% |
| २५ | सम्झना मगर | २० | ११ | २० | १३ | १० | ७ | ५० | ३१ | ६२% |
| २६ | कुमार पराजुली | २० | १२ | २० | १५ | १० | ८ | ५० | २५ | ६०% |
| २७ | लीलामणि नेपाल | २० | १३ | २० | १४ | १० | ७ | ५० | २८ | ६२% |
| २८ | सलिना राई | २० | १४ | २० | १५ | १० | ८ | ५० | ३७ | ७४% |
| २९ | रेखा दर्जी | २० | १२ | २० | १३ | १० | ६ | ५० | ३० | ६१% |
| ३० | ममता राई | २० | १० | २० | ११ | १० | ५ | ५० | २२ | ४८% |

दोस्रो आवधिक परीक्षा लिएको एक हप्तापछि लिइएको तेस्रो आवधिक परीक्षामा विद्यार्थीहरूमा निकै सुधार आएको पाइन्छ । विद्यार्थीहरू क्रमशः पढाइप्रति सचेत भएका र परीक्षा प्रणालीका बारेमा पनि बुझ्नसक्ने भएका हुँदा यस तेस्रो आवधिक परीक्षाको प्राप्ताङ्कलाई हेर्दा ५०%-६०% अङ्क ल्याउने १० जना, ६०%-७०% अङ्क ल्याउने १४ जना, र ७०%-८०% अङ्क ल्याउने ५ जना र सबैभन्दा कम अर्थात ४०% र सबैभन्दा बढी अङ्क ८०% देखिन्छ । यसरी दोस्रो आवधिक परीक्षामा भन्दा तेस्रो आवधिक परीक्षामा ६.२३% अङ्क वृद्धि भएको छ ।

## ४. ३. ४. चौथो आवधिक परीक्षा

| क्र स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | इन्द्र गिरी | २० | १५ | २० | १५ | १० | ७ | ५० | ३७ | ७४% |
| २ | अस्मिता रोक्का | २० | १५ | २० | १६ | १० | ८ | ५० | ३९ | ७८% |
| ३ | स्वस्तिका कार्की | २० | १३ | २० | १४ | १० | ७ | ५० | ३४ | ६८% |
| ४ | रूपा श्रेष्ठ | २० | १५ | २० | १६ | १० | ८ | ५० | ३९ | ७८% |
| ५ | विष्णुमाया पयाङ्गु | २० | १५ | २० | १४ | १० | ७ | ५० | ३४ | ७०% |
| ६ | मानबहादुर मगर | २० | १२ | २० | १२ | १० | ७ | ५० | ३० | ५९% |
| ७ | सृजना गुरुङ | २० | १४ | २० | १४ | १० | ७ | ५० | ३६ | ७१% |
| ८ | प्रकाश चौहान | २० | १३ | २० | १४ | १० | ६ | ५० | ३५ | ६८% |
| ९ | अनुराधा राउत | २० | १२ | २० | १३ | १० | ७ | ५० | २९ | ६१% |
| १० | निशान राई | २० | १४ | २० | १२ | १० | ८ | ५० | ३१ | ५५% |
| ११ | सुनिता तामाङ | २० | १४ | २० | १४ | १० | ७ | ५० | २९ | ६४% |
| १२ | इस्ना धिमाल | २० | १२ | २० | १३ | १० | ६ | ५० | २७ | ५८% |
| १३ | आकृति राई | २० | १२ | २० | १४ | १० | ७ | ५० | ३४ | ६७% |
| १४ | दलबहादुर पराजुली | २० | १३ | २० | ११ | १० | ७ | ५० | ३० | ६१% |
| १५ | गीता खड्का | २० | १५ | २० | १५ | १० | ८ | ५० | ३८ | ७६% |
| १६ | प्रजिता राई | २० | १४ | २० | १२ | १० | ७ | ५० | २८ | ६१% |
| १७ | पूर्णा दर्जी | २० | १२ | २० | १४ | १० | ७ | ५० | २९ | ६०% |
| १८ | विवेक पराजुली | २० | १३ | २० | १२ | १० | ७ | ५० | ३७ | ६९% |
| १९ | रूपा राई | २० | १२ | २० | १४ | १० | ६ | ५० | ३७ | ६९% |
| २० | निशा विश्वकर्मा | २० | १० | २० | १३ | १० | ८ | ५० | २९ | ६०% |
| २१ | ललिता भट्टराई | २० | ७ | २० | ६ | १० | ७ | ५० | २३ | ४३% |
| २२ | पवित्रा बिष्ट | २० | १२ | २० | १२ | १० | ६ | ५० | २९ | ५९% |
| २३ | रीता श्रेष्ठ | २० | १३ | २० | १२ | १० | ७ | ५० | ३२ | ६४% |
| २४ | मीना खड्का | २० | ११ | २० | १३ | १० | ७ | ५० | २७ | ५९% |
| २५ | सम्झना मगर | २० | १२ | २० | १४ | १० | ७ | ५० | ३१ | ६४% |
| २६ | कुमार पराजुली | २० | १३ | २० | १४ | १० | ८ | ५० | २६ | ६१% |
| २७ | लीलामणि नेपाल | २० | १४ | २० | १४ | १० | ८ | ५० | ३० | ६६% |
| २८ | सलिना राई | २० | १५ | २० | १५ | १० | ८ | ५० | ३७ | ७५% |
| २९ | रेखा दर्जी | २० | १३ | २० | ११ | १० | ७ | ५० | ३० | ६३% |
| ३० | ममता राई | २० | ११ | २० | १३ | १० | ६ | ५० | २३ | ५१% |

तेस्रो आवधिक परीक्षा लिएको एक हप्तापछि लिइएको चौथो आवधिक परीक्षाको परिणामलाई हेर्दा विद्यार्थीहरूमा क्रमशः सुधार हुँदै गएको देखिन्छ । यस परीक्षाको तालिका अनुसार ५०% देखि ६०% को बीचमा अङ्क ल्याउने ५ जना, ६०% देखि ७०% को बीचमा अङ्क ल्याउने १७ जना र ७०% भन्दा बढी ल्याउने ७ जना रहेका छन् । यस परीक्षाको औसत अङ्क ६४.५% रहेको छ ।

यसरी प्रत्येक आवधिक परीक्षा सञ्चालन गर्दा विद्यार्थीहरूको उपलब्धि स्तर बढ्दै गएको पाइयो तर कुनै विद्यार्थीहरूको उपलब्धि स्तर एकदमै राम्ररी बढेको पाइयो भने कसैको एकदमै न्यून रूपमा प्रगति भएको देखिएको छ । त्यसको कारक तŒवका रूपमा पारिवारिक एवम् अन्य कारणले बौद्धिक क्षमता कम हुनुका साथै उनीहरूको पढाइप्रतिको लगनशीलता समेत कम रहेको छ ।

## ४. ३. ५. पाँचौं आवधिक परीक्षा

| क्र स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | मौखिक परीक्षा | | आवधिक परीक्षा | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | इन्द्र गिरी | २० | १५ | २० | १६ | १० | ७ | ५० | ३८ | ७६% |
| २ | अस्मिता रोक्का | २० | १५ | २० | १६ | १० | ८ | ५० | ३९ | ७८% |
| ३ | स्वस्तिका कार्की | २० | १३ | २० | १५ | १० | ७ | ५० | ३६ | ७१% |
| ४ | रूपा श्रेष्ठ | २० | १६ | २० | १६ | १० | ७ | ५० | ४० | ८०% |
| ५ | विष्णुमाया पयाङ्गु | २० | १३ | २० | १५ | १० | ७ | ५० | ३५ | ७०% |
| ६ | मानबहादुर मगर | २० | १३ | २० | १२ | १० | ७ | ५० | ३१ | ६३% |
| ७ | सृजना गुरुङ | २० | १४ | २० | १५ | १० | ७ | ५० | ३६ | ७२% |
| ८ | प्रकाश चौहान | २० | १४ | २० | १४ | १० | ७ | ५० | ३० | ६५% |
| ९ | अनुराधा राउत | २० | १२ | २० | १३ | १० | ७ | ५० | ३० | ६२% |
| १० | निशान राई | २० | १४ | २० | १३ | १० | ८ | ५० | ३० | ६६% |
| ११ | सुनिता तामाङ | २० | १४ | २० | १५ | १० | ७ | ५० | ३१ | ६६% |
| १२ | इस्ना धिमाल | २० | १३ | २० | १३ | १० | ७ | ५० | ३० | ५८% |
| १३ | आकृति राई | २० | १३ | २० | १४ | १० | ७ | ५० | २५ | ६७% |
| १४ | दलबहादुर पराजुली | २० | १३ | २० | १२ | १० | ७ | ५० | ३० | ६२% |
| १५ | गीता खड्का | २० | १५ | २० | १६ | १० | ८ | ५० | ३८ | ७७% |
| १६ | प्रजिता राई | २० | १४ | २० | १३ | १० | ७ | ५० | ३१ | ६५% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | पूर्णा दर्जी | २० | १२ | २० | १३ | १० | ६ | ५० | ३० | ६१% |
| १८ | विवेक पराजुली | २० | १४ | २० | १२ | १० | ७ | ५० | ३६ | ६९% |
| १९ | रूपा राई | २० | १३ | २० | १३ | १० | ६ | ५० | ३७ | ६९% |
| २० | निशा विश्वकर्मा | २० | ११ | २० | १३ | १० | ६ | ५० | ३० | ६१% |
| २१ | ललिता भट्टराई | २० | ८ | २० | ६ | १० | ७ | ५० | २३ | ४४% |
| २२ | पवित्रा बिष्ट | २० | १३ | २० | ११ | १० | ७ | ५० | ३० | ६१% |
| २३ | रीता श्रेष्ठ | २० | १३ | २० | १२ | १० | ६ | ५० | ३४ | ६५% |
| २४ | मीना खड्का | २० | १२ | २० | १५ | १० | ६ | ५० | २८ | ६१% |
| २५ | सम्झना मगर | २० | १२ | २० | १४ | १० | ६ | ५० | ३० | ६२% |
| २६ | कुमार पराजुली | २० | १२ | २० | १५ | १० | ७ | ५० | २८ | ६२% |
| २७ | लीलामणि नेपाल | २० | १४ | २० | १५ | १० | ८ | ५० | ३१ | ६८% |
| २८ | सलिना राई | २० | १५ | २० | १६ | १० | ८ | ५० | ३७ | ७६% |
| २९ | रेखा दर्जी | २० | १३ | २० | १२ | १० | ८ | ५० | २९ | ६२% |
| ३० | ममता राई | २० | १२ | २० | १३ | १० | ६ | ५० | २५ | ५६% |

शोधकार्य पूरा गर्न विद्यार्थीहरूमा निरन्तर आवधिक परीक्षा सञ्चालन गर्ने क्रममा शिक्षण सिकाइको पाँचौं हप्ता पश्चात् सञ्चालन गरिएको पाँचौं आवधिक परीक्षा उपलब्धि स्तर माथिको तालिकामा देखाइए अनुसार ५०% देखि ६०% बीचमा अङ्क ल्याउने विद्यार्थी २ जना, ६०% देखि ७०% बीचमा अङ्क ल्याउने २० जना, ७०% देखि ८०% को बीचमा अङ्क ल्याउने ७ जना रहेका छन् । यसरी परीक्षणको औसत अङ्क ६५.८३% रहेको छ । उक्त आवधिक परीक्षाको प्राप्ताङ्क हेर्दा सबैभन्दा बढी ८०% र सबैभन्दा घटी ४४% अङ्क रहेको छ ।


अर्धवार्षिक तथा वार्षिक परीक्षाले मात्र विद्यार्थीको सिकाइ परिवर्तनको आँकलन गर्ने परम्परावादी पद्धतिभन्दा आवधिक रूपमा लिइने उपयुक्त बमोजिमको परीक्षाले सिकाइलाई प्रभावकारी बनाउने कुरा उक्त परीक्षणको तालिकाबाट पुष्टि हुन्छ ।

भाषिक सीप तथा तथ्य सम्बन्धी खास पक्षमा विद्यार्थीहरूलाई थप अभ्यास वा निराकरणात्मक अभ्यास गर्नुपरेमा पनि मूल्याङ्कन एउटा यस्तो उपाय हुनसक्छ, जसबाट उनीहरूका कमजोरी पत्ता लगाउन सकिन्छ । मूल्याङ्कनका क्रममा शिक्षकका तर्फबाट गरिने परीक्षणहरूको उद्देश्य विद्यार्थीहरूमा सम्प्राप्ति र कठिनाई वा कमजोरी क्षेत्र पत्ता लगाउनु नै हो । जसबाट उनीहरूको भाषा सिकाइ शिक्षणका क्रममा आबद्ध हुने कार्यकलाप तथा अतिरिक्त अभ्यासका लागि शिक्षकलाई सुझ प्राप्त हुन्छ । त्यसैगरी विद्यार्थीहरूलाई

पनि आफ्नो गन्तव्य प्राप्तिको सफलताका बारेमा बेलाबेलामा पृष्ठपोषण र सचेतना प्राप्त हुन सक्छ ।

### ४. ३. ६. तालिकीकरण

कुनै पनि तथ्याङ्कलाई सहज, सरल र स्पष्ट तवरले बुझ्ने गरी तालिकामा प्रस्तुत गर्नु तालिकीकरण हो । अध्ययन अनुसन्धानका क्रममा पाइएका तथ्याङ्कलाई तालिकीकरणमा छर्लङ्ग देखाइदियो भने अनुसन्धान बढी सुझमूलक हुनजान्छ । प्रस्तुत शोधमा पनि छ हप्ताको अवधिमा लिइएका ५ वटा आवधिक परीक्षाहरूबाट प्राप्त भएको उपलब्धि स्तरलाई निम्नअनुसार तालिकामा देखाइएको छ :




उक्त तालिकीकरणमा हेर्दा आवधिक परीक्षामा क्रमशः उपलब्धि स्तर वृद्धि हुँदै गएको स्पष्ट रूपमा देख्न सकिन्छ ।

### ४. ३. ७. सारांश

विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनबाट उनीहरूको क्षमता, स्तर आँकलन गर्न सकिन्छ । कुनै पनि तहमा प्रवेश गर्दाको स्थिति र निश्चित समायावधि पश्चात् विद्यार्थीहरूमा भएको प्रगति विवरण निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट थाहा पाउन सकिन्छ । आफ्नो सिकाइ उपलब्धि थाहा पाउन विद्यार्थीहरू उत्सुक रहन्छन् । वार्षिक तथा अर्धवार्षिक परीक्षाले मात्र सिकाइको वास्तविक मूल्याङ्कन हुन सक्दैन । त्यसैले यसका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग अत्यन्त जरुरी हुन्छ । यसरी गरिने विद्यार्थीको मूल्याङ्कनमा उनीहरूले दैनिक कक्षामा गर्ने बानी व्यवहार, कक्षाकार्य तथा गृहकार्यदेखि

लिएर पूर्वपरीक्षण, आवधिक परीक्षाहरू तथा उत्तरपरीक्षण जस्ता विविध मूल्याङ्कनका साधनहरू पर्दछन् । जसबाट उनीहरूको सिकाइको गति आँकलन गर्न सकिन्छ । आवधिक परीक्षाबाट प्राप्त नतिजाका आधारमा विद्यार्थीहरूलाई उनीहरूको कमी कमजोरीहरू औँल्याई प्रगतिको बाटोतर्फ लान सकिन्छ । ६ हप्तासम्म विद्यालयमा शिक्षण गरी प्रत्येक हप्ता लिइएको आवधिक परीक्षाको विवरण तथा पूर्वपरीक्षण र उत्तर परीक्षणको विवरण समेत यस शोधपत्रमा उल्लेख गरिएको छ । त्यसैगरी विद्यार्थीहरूको उपलब्धि स्तर सहज र स्पष्ट ढङ्गले देख्ने गरी अन्त्यमा आवधिक परीक्षाको एउटा तुलनात्मक तालिकीकरण प्रस्तुत गरिएको छ । आवधिक रूपमा लिइने यस्ता परीक्षाले विद्यार्थीको सिकाइमा थप मदत पुऱ्याउने देखिन्छ ।

# अध्याय : पाँच
# उत्तरपरीक्षण र पूर्वपरीक्षणबीचको तुलना

## ५. १. उत्तरपरीक्षण

अध्ययन अनुसन्धानका क्रममा सुरुमा १०० पूर्णाङ्कको पूर्वपरीक्षण गरिएको छ । कक्षा ६ को स्तरको प्रश्नपत्र निर्माण गरी लिइएको उक्त परीक्षणको प्राप्ताङ्क हेर्दा औसतमा ५२.९ अङ्क रहेको छ । पूर्वपरीक्षणमा प्राप्त गरेको सिकाइको स्तर उत्तर परीक्षणसम्म आइपुग्दा कति वृद्धि भयो भन्ने कुरा यही उत्तर परीक्षणबाट पुष्टि हुन्छ । विद्यार्थीहरूको कक्षा ६ मा सिकेको भाषिक सीपको स्तर वृद्धिसँगै वा कक्षा सातको ६ हप्तासम्मको अध्ययन पश्चात् कति प्रगति गरे भन्ने कुरा उत्तर परीक्षणका माध्यमले थाहा पाउन सकिन्छ ।

शोधपत्रलाई अगाडि बढाउने क्रममा विद्यार्थीहरूले नेपाली भाषा सिकाइको प्रगति कुन प्रकारले गर्न सक्छन् भन्ने कुरा देखाइएको छ । पूर्वपरीक्षण र उत्तरपरीक्षण दुवै एउटै ढाँचामा सञ्चालन गरिएको छ । ६ हप्ताको शिक्षण पश्चात् सञ्चालन गरिएको उत्तर परीक्षणको परिणाम तालिका निम्नबमोजिम छ :

| क्र.स. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | इन्द्र गिरी | १०० | ७७ | ७७% |
| २ | अस्मिता रोक्का | १०० | ८० | ८०% |
| ३ | स्वस्तिका कार्की | १०० | ७८ | ७८% |
| ४ | रूपा श्रेष्ठ | १०० | ७३ | ७३% |
| ५ | विष्णुमाया पयाङ्गु | १०० | ७२ | ७२% |
| ६ | मानबहादुर मगर | १०० | ६६ | ६६% |
| ७ | सृजना गुरुङ | १०० | ७४ | ७४% |
| ८ | प्रकाश चौहान | १०० | ६८ | ६८% |
| ९ | अनुराधा राउत | १०० | ६३ | ६३% |
| १० | निशान राई | १०० | ६८ | ६८% |
| ११ | सुनिता तामाङ | १०० | ६८ | ६८% |
| १२ | इस्ना धिमाल | १०० | ६० | ६०% |

| | | | | |
|---|---|---|---|---|
| १३ | आकृति राई | १०० | ६८ | ६८% |
| १४ | दलबहादुर पराजुली | १०० | ६५ | ६५% |
| १५ | गीता खड्का | १०० | ७९ | ७९% |
| १६ | प्रजिता राई | १०० | ६६ | ६६% |
| १७ | पूर्णा दर्जी | १०० | ६४ | ६४% |
| १८ | विवेक पराजुली | १०० | ७२ | ७२% |
| १९ | रूपा राई | १०० | ७१ | ७१% |
| २० | निशा विश्वकर्मा | १०० | ६३ | ६३% |
| २१ | ललिता भट्टराई | १०० | ४४ | ४४% |
| २२ | पवित्रा बिष्ट | १०० | ६४ | ६४% |
| २३ | रीता श्रेष्ठ | १०० | ६७ | ६७% |
| २४ | मीना खड्का | १०० | ६४ | ६४% |
| २५ | सम्झना मगर | १०० | ६५ | ६५% |
| २६ | कुमार पराजुली | १०० | ६३ | ६३% |
| २७ | लीलामणि नेपाल | १०० | ७० | ७०% |
| २८ | सलिना राई | १०० | ७८ | ७८% |
| २९ | रेखा दर्जी | १०० | ६० | ६०% |
| ३० | ममता राई | १०० | ५८ | ५८% |

निरन्तर रूपमा ६ हप्तासम्मको शिक्षण एवम् पूर्वपरीक्षण लिई प्रत्येक हप्ता आवधिक परीक्षा लिइएको प्रस्तुत शोधपत्रको अध्ययनमा ६ हप्ताको शिक्षण पश्चात् उत्तर परीक्षणको रूपमा १०० पूर्णाङ्कको लिखित परीक्षा लिइएको छ । हरेक हप्ताको आवधिक परीक्षामा विद्यार्थीको सिकाइ उपलब्धि बढ्दै गई उत्तरपरीक्षणसम्म आइपुग्दा निकै वृद्धि भएको देखिन्छ ।

यस परीक्षणमा ५०% देखि ६०% को बीचमा अङ्क ल्याउने ३ जना, ६०% देखि ७०% अङ्क ल्याउने १७ जना, ७०% देखि ८०% अङ्क ल्याउने ९ जना र ८०% भन्दा माथि अङ्क ल्याउने १ जना रहेका छन् । यस परीक्षणको औसत अङ्क ६७.८३ रहेको छ । उक्त अङ्क ६ हप्ताको अवधिमा देखिएको राम्रो प्रगति हो ।

लिखित परीक्षा, मौखिक परीक्षा, गृहकार्य, कक्षाकार्य आदि सबै पक्षको मूल्याङ्कन गरिएको यस अध्ययनमा पूर्वपरीक्षण र उत्तरपरीक्षणमा भने १०० पूर्णाङ्कको लिखित परीक्षा मात्रै लिइएको छ ।

## ५. २. उत्तरपरीक्षण र पूर्वपरीक्षणको तुलना


निरन्तर रूपमा विद्यार्थीहरूको ६ हप्तासम्म गरिएको पूर्वपरीक्षण र ६ हप्ता पश्चात् उनीहरूमा भएको प्रगति विवरणात्मक रूपमा उल्लेख गरी पूर्वपरीक्षण र उत्तरपरीक्षणमा पाइएको सिकाइ उपलब्धिबीचको अन्तर देखाइ विद्यार्थीहरूमा भएको प्रगति निम्नबमोजिम तालिकामा देखाइएको छ :

| क.स. | विद्यार्थीको नाम | पूर्वपरीक्षणको प्राप्ताङ्क प्रतिशत | उत्तरपरीक्षणको प्राप्ताङ्क प्रतिशत | प्रगति भएको अङ्क प्रतिशत |
|---|---|---|---|---|
| १ | इन्द्र गिरी | ७५ | ७७ | १ |
| २ | अस्मिता रोक्का | ७५ | ८० | ५ |
| ३ | स्वस्तिका कार्की | ७४ | ७८ | ४ |
| ४ | रूपा श्रेष्ठ | ७० | ८३ | १३ |
| ५ | विष्णुमाया पयाङ्गु | ६५ | ७२ | ७ |
| ६ | मानबहादुर मगर | ६२ | ६६ | ४ |
| ७ | सृजना गुरुङ | ६३ | ७४ | ११ |
| ८ | प्रकाश चौहान | ६१ | ६८ | ७ |
| ९ | अनुराधा राउत | ६१ | ६३ | २ |
| १० | निशान राई | ५७ | ६८ | ११ |
| ११ | सुनिता तामाङ | ५९ | ६८ | ९ |
| १२ | इस्ना धिमाल | ५७ | ६० | ३ |
| १३ | आकृति राई | ६० | ६८ | ८ |
| १४ | दलबहादुर पराजुली | ६२ | ६५ | ३ |
| १५ | गीता खड्का | ६४ | ७९ | १५ |
| १६ | प्रजिता राई | ६५ | ६६ | १ |
| १७ | पूर्णा दर्जी | ६० | ६४ | ४ |

| | | | | |
|---|---|---|---|---|
| १८ | विवेक पराजुली | ६५ | ७२ | ७ |
| १९ | रूपा राई | ६४ | ७१ | ७ |
| २० | निशा विश्वकर्मा | ५९ | ६३ | ४ |
| २१ | ललिता भट्टराई | ४४ | ४४ | ० |
| २२ | पवित्रा बिष्ट | ५८ | ६४ | ६ |
| २३ | रीता श्रेष्ठ | ५९ | ६७ | ८ |
| २४ | मीना खड्का | ५४ | ६४ | १० |
| २५ | सम्झना मगर | ५८ | ६५ | ७ |
| २६ | कुमार पराजुली | ४९ | ६३ | १४ |
| २७ | लीलामणि नेपाल | ५० | ७० | २० |
| २८ | सलिना राई | ६५ | ७८ | १३ |
| २९ | रेखा दर्जी | ४३ | ६० | १७ |
| ३० | ममता राई | ४४ | ५८ | १८ |

माथिको तालिकालाई हेर्दा पूर्वपरीक्षणमा सबैभन्दा बढी ७८ प्रतिशत अङ्क रहेको छ भने उत्तरपरीक्षणमा सबैभन्दा बढी ८३ प्रतिशत अङ्क रहेको छ । पूर्वपरीक्षणको औसत अङ्क ६०.०३ प्रतिशत रहेको छ भने उत्तरपरीक्षणमा यसको औसत वृद्धि ८.१ प्रतिशत रहेको छ। यसबाट विद्यार्थीको सिकाइ स्तर वृद्धि भएको स्पष्ट हुन्छ।

पूर्वपरीक्षण र उत्तरपरीक्षणको उपलब्धि स्तरलाई वृत्तचित्रमा निम्नअनुसार देखाइएको छ :



माथिको वृत्तचित्रमा देखिए जस्तो विद्यार्थीहरूको सिकाइको उपलब्धि स्तर हासिल गर्नका लागि भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) भाषिक मूल्याङ्कनको अवधारणा विकासका लागि भाषाशिक्षकको निरन्तर प्रयासको खाँचो पर्दछ ।

## ५. २. १. कक्षाकार्य र गृहकार्यको तुलना

विद्यार्थीहरूको उपलब्धि स्तर पत्ता लगाउने विभिन्न माध्यम रहेका छन् जसमध्ये प्रस्तुत शोधपत्रमा गृहकार्य, कक्षाकार्य, मौखिक तथा आवधिक परीक्षाको प्रयोग गरिएको छ । गृहकार्य र कक्षाकार्यलाई पनि छुट्टाछुट्टै अङ्क दिई विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी त्यसको अभिलेख राखिएको छ । गृहकार्यका रूपमा उनीहरूलाई घरमा गरेर ल्याउने अभ्यास दिइएको छ भने कक्षाकार्यका रूपमा कक्षाकोठामै समाधान गर्ने अभ्यासहरू दिइएको छ । दुई वटै कार्यलाई २०/२० अङ्क छुट्ट्याई गरिएको उक्त मूल्याङ्कनमा पहिलोदेखि पाँचौं आवधिक परीक्षासम्मको नतिजालाई हेर्दा केही मात्रामा कक्षाकार्यभन्दा गृहकार्यको प्रगति स्तर बढी देखिन्छ । हरेक आवधिक परीक्षाको अङ्क कक्षाकार्यको भन्दा गृहकार्यको बढी रहेको छ । यसरी कक्षाकार्यको भन्दा गृहकार्यको प्रगति स्तर बढी देखिनुले विद्यार्थी स्वयम् सिकाइप्रति जागरुक देखिन्छन् भने कक्षाकार्यको प्रगति स्तर कम देखिनुमा विद्यालयको वातावरण, शिक्षक निकै सक्रिय रहनुपर्ने कुरालाई इङ्गित गर्दछ । विद्यार्थीहरूको मनोवैज्ञानिक ढङ्गले अध्ययन गरेर उनीहरूको स्तर, रुचि, उमेर, आवश्यकता आदि कुराको विचार गरी भाषा सिकाउनु उपयुक्त हुने भएकाले त्यहीअनुसारको वातावरण सृजना गर्ने प्रयास यो शोधपत्रमा गरिएको छ ।

पहिलेको आवधिक परीक्षादेखि पाँचौं आवधिक परीक्षासम्मको कक्षाकार्य र गृहकार्यको नतिजालाई तालिकामा यसरी देखाइएको छ :

| आवधिक परीक्षा | कक्षाकार्य | गृहकार्य |
|---|---|---|
| पहिलो आवधिक परीक्षा | ३००.५ | ३१३ |
| दोस्रो आवधिक परीक्षा | ३१८ | ३२९ |
| तेस्रो आवधिक परीक्षा | ३५९ | ३७८ |
| चौथो आवधिक परीक्षा | ३८७ | ३९६ |
| पाँचौं आवधिक परीक्षा | ३९५ | ४०९ |

माथिको तालिकामा हेर्दा हरेक आवधिक परीक्षामा गृहकार्यको अङ्क कक्षाकार्यको भन्दा वृद्धि भएको देखिन्छ । सुरुका आवधिक परीक्षाहरूमा कक्षाकार्य र गृहकार्यबीचको दूरी बढी देखिन्छ भने अन्तिम आवधिक परीक्षासम्म आइपुग्दा दूरी केही घटेको छ । कक्षाकार्यका लागि अझ हौसला प्रदान गर्न सकेमा प्रगति नहुने होइन ।

## ५. २. २. लिखित र मौखिक परीक्षाको तुलना

भाषा सिकाइको प्रगति लेखाजोखा गर्ने क्रममा कक्षा सातका विद्यार्थीहरूमाथि प्रयोग गरिएको यो शोधपत्रको अध्ययनमा भाषिक सीपको मूल्याङ्कन गर्न लिखित तथा मौखिक दुवै परीक्षा सञ्चालन गरिएको छ । लिखित परीक्षालाई ५० पूर्णाङ्क र मौखिक परीक्षालाई १० पूर्णाङ्क छुट्ट्याई लिइएको आवधिक परीक्षाको छुट्टाछुट्टै अभिलेख राखिएको छ । भाषिक अभिव्यक्तिका दुई वटा सीप लेखाइ र बोलाइ क्षमताको विकास एवम् मूल्याङ्कन गर्न दुईवटै माध्यमबाट परीक्षा सञ्चालन गरिएको छ । यसरी लिखित र मौखिक अभिव्यक्तिका क्रममा कुनै विद्यार्थीले लेखन शैलीमा बढी कुशलता देखाएका छन् भने कतिपय विद्यार्थीले वाक्शैलीमा कुशलता देखाएका छन् । यसरी लिइने परीक्षाले विद्यार्थीहरूको निरन्तर अभ्यासले पनि बोलाइ र लेखाइ क्षमताको विकास हुने देखिन्छ ।

प्रस्तुत शोधपत्रको अध्ययनमा सञ्चालन गरिएको आवधिक परीक्षा ५० पूर्णाङ्कको लिखित र १० पूर्णाङ्कको मौखिक परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई हरेक आवधिक परीक्षामा सबै विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई समग्र प्रतिशतको रूपमा निम्नअनुसार तालिकामा देखाइएको छ :

| आवधिक परीक्षा | लिखित परीक्षा (प्रतिशत अङ्कमा) | मौखिक परीक्षा (प्रतिशत अङ्कमा) |
|---|---|---|
| पहिलो आवधिक परीक्षा | ५३.०% (८०६) | ४९% (४७) |
| दोस्रो आवधिक परीक्षा | ५८.१३% (८७२) | ५६% (१६०) |
| तेस्रो आवधिक परीक्षा | ६०.६६% (९२५) | ६७% (२०२) |
| चौथो आवधिक परीक्षा | ६३.८% (९५०) | ७१% (२१३) |
| पाँचौं आवधिक परीक्षा | ६४% (९६०) | ७२% (२१६) |

माथिको तालिकामा हेर्दा पहिलो र दोस्रो आवधिक परीक्षामा मौखिक परीक्षाको भन्दा लिखित परीक्षाको प्राप्ताङ्क प्रतिशत बढी देखिन्छ भने तेस्रो, चौथो, पाँचौं आवधिक परीक्षासम्म आइपुग्दा लिखित परीक्षाको तुलनामा मौखिक परीक्षा आठ प्रतिशतले बढी रहेको

देखिन्छ । यसरी लिखित परीक्षाको तुलनामा मौखिक परीक्षाको प्राप्ताङ्क बढी हुनुमा विद्यार्थीहरूको लेखन क्षमताभन्दा बोलाइ क्षमता बढी रहेको देखिन्छ । लेखाइमा उनीहरूले वाक्यगठन, हिज्जे आदिमा त्रुटि गरेको पाइयो । यसैगरी सुरुको आवधिक परीक्षामा मौखिक परीक्षाको प्राप्ताङ्क प्रतिशत लिखितभन्दा कम हुनु र पछिल्लो चरणमा मौखिक परीक्षाको बढी प्रतिशत अङ्क प्राप्त हुनुमा उनीहरूको बारम्बार अभ्यास मुख्य कारक तŒव बनेको देखिन्छ । सबै विद्यार्थीहरूको उपलब्धि स्तर लिखित र मौखिक परीक्षामा समान देखिएको छैन । कुनै विद्यार्थीको उपलब्धि स्तर लिखितभन्दा मौखिकमा बढी र कुनैको लिखितमा बढी भएको देखिएको छ । तथापि समग्रमा विद्यार्थीहरूको प्रगति विवरण हेर्ने हो भने लिखित परीक्षामा भन्दा मौखिक परीक्षामा बढी प्रगति भएको छ ।

## ५. २. ३. आवधिक परीक्षाहरूको समष्टिगत मूल्याङ्कन (प्रतिशतमा)

| क्र.स. | विद्यार्थीको नाम | पहिलो आवधिक परीक्षा | दोस्रो आवधिक परीक्षा | तेस्रो आवधिक परीक्षा | चौथो आवधिक परीक्षा | पाँचौं आवधिक परीक्षा |
|---|---|---|---|---|---|---|
| १ | इन्द्र गिरी | ७२% | ७१% | ७२% | ७४% | ७४% |
| २ | अस्मिता रोक्का | ६८% | ६६% | ७०% | ७८% | ७८% |
| ३ | स्वस्तिका कार्की | ५६% | ६०% | ६४% | ६८% | ६८% |
| ४ | रूपा श्रेष्ठ | ७१% | ७८% | ८०% | ७८% | ७८% |
| ५ | विष्णुमाया पयाङ्गु | ६८% | ६९% | ७४% | ७०% | ७०% |
| ६ | मानबहादुर मगर | ५२% | ५४% | ५९% | ५९% | ५९% |
| ७ | सृजना गुरुङ | ५८% | ६७% | ७१% | ७१% | ७१% |
| ८ | प्रकाश चौहान | ४४% | ६१% | ६६% | ६८% | ६८% |
| ९ | अनुराधा राउत | ४१% | ४६% | ५४% | ६१% | ६१% |
| १० | निशान राई | ५७% | ५२% | ५९% | ५५% | ५५% |
| ११ | सुनिता तामाङ | ४८% | ५९% | ६१% | ६४% | ६४% |
| १२ | इस्ना धिमाल | ४३% | ४८% | ५३% | ५८% | ५८% |
| १३ | आकृति राई | ५५% | ५७% | ६३% | ६७% | ६७% |
| १४ | दलबहादुर पराजुली | ५७% | ५३% | ५७% | ६१% | ६१% |
| १५ | गीता खड्का | ६१% | ६२% | ७४% | ७६% | ७६% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रजिता राई | ५०% | ६०% | ५८% | ६१% | ६१% |
| १७ | पूर्णा दर्जी | ४८% | ५७% | ६३% | ६०% | ६०% |
| १८ | विवेक पराजुली | ५२% | ६०% | ६८% | ६९% | ६९% |
| १९ | रूपा राई | ४९% | ५०% | ६०% | ६९% | ६९% |
| २० | निशा विश्वकर्मा | ३७% | ४५% | ५८% | ६०% | ६०% |
| २१ | ललिता भट्टराई | ४४% | ४५% | ४०% | ४३% | ४३% |
| २२ | पवित्रा बिष्ट | ४७% | ४८% | ५६% | ५९% | ५९% |
| २३ | रीता श्रेष्ठ | ५७% | ४५% | ६३% | ६४% | ६४% |
| २४ | मीना खड्का | ३८% | ४१% | ५४% | ५९% | ५९% |
| २५ | सम्झना मगर | ४८% | ६०% | ६२% | ६४% | ६४% |
| २६ | कुमार पराजुली | ३९% | ४७% | ६०% | ६१% | ६१% |
| २७ | लीलामणि नेपाल | ५६% | ५७% | ६२% | ६६% | ६६% |
| २८ | सलिना राई | ६७% | ७०% | ७४% | ७५% | ७५% |
| २९ | रेखा दर्जी | ५९% | ५६% | ६१% | ६३% | ६३% |
| ३० | ममता राई | ३६% | ३९% | ४८% | ५१% | ५१% |

### ५. २. ४. प्रगतिस्तर उच्च हुने र न्यून हुनेबीचको तुलना

सबै विद्यार्थीहरूको सिकाइ क्षमता समान स्तरको हुँदैन । विद्यार्थीहरूको सिकाइमा वंशानुगत र वातावरणीय दुइटा प्रभाव परेको हुन्छ । कुनै विद्यार्थीको प्राकृतिक रूपमा नै तेजिलो दिमाग हुन्छ, जसको सिकाइ चाँडो हुन्छ र कुनै विद्यार्थी मन्द बुद्धिले गर्दा सिकाइ ढिलो हुने हुन्छ, जुन वंशानुगत कारणले हुने गर्दछ । बालकको पारिवारिक एवम् सामाजिक वातावरणको कारणले पनि उसको सिकाइमा प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । यस शोधपत्रको अध्ययनमा नमुना छनोटमा परेका ३० (तीस) जना विद्यार्थीमध्ये सबैको प्रगति समान रूपमा भएको छैन । कुनै विद्यार्थीको प्रगति स्तर उच्च रहेको छ भने कुनै विद्यार्थीको न्यून प्रगति देखिन्छ । ६ हप्ताको कक्षा सातको प्रत्यक्ष शिक्षणका क्रममा पूर्वपरीक्षणमा भन्दा उत्तरपरीक्षणमा धेरै राम्रो प्रगति गर्ने विद्यार्थीको सङ्ख्या ६ रहेको छ, जसको १३% भन्दा बढी प्रगति भएको छ । त्यसैगरी प्रगति न्यून गर्ने विद्यार्थी सङ्ख्या ३ जना रहेको छ । यिनीहरूमध्ये पनि पूर्वपरीक्षणको भन्दा उत्तरपरीक्षणमा सबैभन्दा बढी अङ्क ल्याउने छात्र

लीलामणि नेपाल रहेका छन् । उनको २०% प्रगति देखिन्छ । मातृभाषा नेपाली भएकै कारणले र बारम्बार शिक्षकबाट पाएको पृष्ठपोषण तथा अभ्यासले उनको सिकाइमा प्रगति भएको थाहा पाउन सकिन्छ । राई मातृभाषा भएकी छात्रा ममता राईले उपयुक्त पृष्ठपोषणका कारण र पहिलो आवधिक परीक्षादेखि नै उच्च अङ्क हासिल गर्दै आएका इन्द्र गिरी, अस्मिता रोक्काले १३% अङ्क प्रगति गरेको पाइएको छ । नेवारी मातृभाषा भएकी रूपाले उपयुक्त पृष्ठपोषण तथा बारम्बार अभ्यासले गर्दा राम्रो प्रगति भएको पाइएको छ ।

विद्यालयमा सिकाइको उपयुक्त वातावरण हुँदाहुँदै पनि कतिपय विद्यार्थीहरूको पारिवारिक कारणले वा मन्द बुद्धिका कारणले पनि सिकाइमा सोचेअनुरूप प्रगति नभएको देखिन्छ । यस शोधपत्रको अध्ययनमा नमुना छनोटमा परेका ३० जना छात्रछात्रामध्ये छात्रा ललिता भट्टराईको प्रगति स्तर शून्य रहेको छ । पूर्वपरीक्षणमा ४४ अङ्क प्राप्त गरेकी छात्रा ललिताले उत्तरपरीक्षणसम्म आइपुग्दा पनि त्यति नै अङ्क यथावत् रहेको छ । उनको सिकाइ प्रगति नहुनुमा मन्द बुद्धि, अभ्यासको कमी एवम् पारिवारिक अस्तव्यस्तता आदि कारण रहेको छ । त्यसैगरी प्रजिता राई, अनुराधा राउत, दलबहादुर पराजुलीको पनि सिकाइ प्रगति सोचेअनुरूप हुनसकेको छैन । उनीहरूको सिकाइ प्रगति नहुनुमा पारिवारिक शिक्षाको अभाव, पारिवारिक आर्थिक अवस्थाको कमी, लगनशीलताको कमी जस्ता कारणले प्रगति स्तर कम रहेको छ ।

यसरी हेर्दा के देखिन्छ भने सिकाइमा सबभन्दा बढी प्रगति गर्ने छात्र रहेका छन् भने प्रगति नहुनेमा छात्रा रहेकी छिन् । यस शोधपत्रको अध्ययनको छनोटमा परेका ३० जना विद्यार्थीमध्ये २२ जना छात्रा र ८ जना छात्र रहेका छन् । छात्र र छात्राबीचको प्रगति स्तर हेर्दा छात्राहरूको प्रगति स्तर राम्रो रहेको छ ।

# अध्याय : छ

# निष्कर्ष तथा सुझाव

## ६. १. पृष्ठभूमि

भाषाशिक्षण भाषाका बारेको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । भाषाका सीपपरक अपेक्षाहरूसित सम्बन्धित भएर शिक्षण अगाडि बढेको हुन्छ । भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा केन्द्रित रहेको हुन्छ । विद्यार्थीहरूलाई सम्बन्धित भाषामा कुशल एवम् दक्ष बनाउनु नै भाषाशिक्षण हो । शुद्ध भाषाको प्रयोग, व्याकरणसम्बन्धी समस्या हटाउन, भाषिक ध्वनिहरूको अभ्यास गराउने सामग्रीको बोध व्याख्यान आदि कुराको अभ्यास भाषाशिक्षणबाट सम्भव हुन्छ । भाषा शिक्षणलाई जीवन्त र उद्देश्यमूलक बनाउन भाषा शिक्षणको सिद्धान्त कक्षा सहभागिता अभ्यास तथा पुनरावृत्ति, रुचिपूर्णता, क्रमबद्धता, स्तरीयता तथा उपयुक्तता, निरन्तर मूल्याङ्कन आदिको उपयोग गरी सार्थक एवम् प्रभावकारी बनाउन सकिन्छ । विद्यार्थीको सिकाइ प्रगति कुन रूपमा अगाडि बढेको छ, कति कुराको सुधार गर्नुपर्ने हो भन्ने जानकारी लिन भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । भाषा शिक्षण पश्चात् विद्यार्थीहरूले प्राप्त गरेको भाषिक सीप उद्देश्यअनुरूप छ, छैन भनी थाहा पाउन मूल्याङ्कनले सहयोग गरेको हुन्छ । शिक्षणका क्रममा विद्यार्थीहरूको बारम्बार मूल्याङ्कन गरिरहनु पर्दछ, जसले गर्दा उनीहरूको सिकाइ उपलब्धि थाहा पाइने र पृष्ठपोषणका माध्यमबाट सिकाइको स्तर बढाउन मदत मिल्ने गर्दछ । त्यसैले समयानुकूल मूल्याङ्कनको उपयोग गरी विद्यार्थीहरूको भाषिक क्षमता बढाउन जरुरी हुन्छ ।

## ६. २. निष्कर्ष

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि निश्चित विषय र पाठको शिक्षण पश्चात् विद्यार्थीहरूमा हासिल हुने सिकाइ उपलब्धिको लेखाजोखा गरी त्यसको कमीकमजोरी पत्ता लगाउने कार्य गरिरहनु पर्दछ । ती कमीकमजोरी हटाउन विद्यार्थीहरूलाई उपयुक्त पृष्ठपोषण दिइनुपर्दछ । विद्यार्थीहरूको सिकाइ उपलब्धि मापनका लागि सिकाइ उपलब्धि सूचक तयार गरिएको हुन्छ । शिक्षकहरूलाई विद्यार्थीको सिकाइको लेखाजोखा गरी

अभिलेख राख्न विद्यार्थी सिकाइ उपलब्धि सूचक फारम एवम् निरन्तर विद्यार्थी मूल्याङ्कन गरी आवधिक प्रगति विवरण देखाउन सहयोग पुग्दछ । यसरी आवधिक रूपमा लिएका परीक्षाले विद्यार्थीहरूको प्रगति विवरण देखाउन सजिलो हुनुका साथै विद्यार्थीहरूलाई पुनर्बल दिई थप मदत गर्न सकिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट विद्यार्थीहरूको सिकाइ उपलब्धि पत्ता लगाई उनीहरूलाई आफ्नो कमीकमजोरी बारे जानकारी गराउन सजिलो हुन्छ । त्यसबाट विद्यार्थीहरूलाई आफ्ना कमजोरी थाहा पाई अध्ययन कार्यलाई सुधार गर्न प्रोत्साहन मिल्दछ । भाषा शिक्षकले नियमित रूपमा आवधिक मूल्याङ्कनको उपयोग गरेका सुधारात्मक शिक्षण गर्न सहयोग मिल्दछ । प्रश्नोत्तर, छलफल, समस्या समाधान, प्रदर्शन, अभिनय, खोज, कार्ययोजना आदि विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी उनीहरूको सिकाइ उपलब्धि लेखाजोखा गर्न सकिन्छ । शिक्षक केन्द्रित शिक्षण विधिभन्दा विद्यार्थी केन्द्रित शिक्षण विधि उपयोग गरिएमा शिक्षण सिकाइ प्रभावकारी एवम् चीरस्थायी हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि आवधिक परीक्षाका साथै गृहकार्य, कक्षाकार्य सिर्जनात्मक अभ्यास लेखन, मौखिक परीक्षा, अवलोकन, निरीक्षण, समस्या प्रस्तुतीकरण आदि माध्यमबाट विद्यार्थीहरूको समुचित ढङ्गले मूल्याङ्कन गरियो भने विद्यार्थी शिक्षण सिकाइ प्रभावकारी हुनुका साथै शैक्षिक उद्देश्य पूरा हुन्छ ।

यस शोधपत्रको अध्ययनमा मोरङ शनिश्चरे-९ मा अवस्थित श्री सिंहवाहिनी उच्च माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीहरूलाई छनोट गरी ६ हप्तासम्म प्रत्यक्ष शिक्षण कार्यमा संलग्न भई निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट उनीहरूले प्राप्त गरेका प्राप्ताङ्कको लेखाजोखा गर्ने काम गरिएको छ । प्रत्येक हप्ताको परीक्षाबाट आएको नतिजाले कतिपय विद्यार्थीहरूलाई उत्साहित बनाएको छ भने उनीहरूले गर्ने त्रुटि कमजोरी सुधार गर्ने अवसर पाउनुका साथै सिकाइमा थप टेवा पुगेको छ । शैक्षिक गुणस्तर बढाउन, शैक्षिक क्षति न्यून गर्न, परीक्षाको सन्त्रासबाट मुक्त गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन भरपर्दो माध्यम हो । जसमा कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, लिखित परीक्षा, विद्यार्थीको सामाजिक बानी व्यवहार आदिको अवलम्बन गरिएको छ । ६ हप्ताको छोटो अवधिमा पनि शिक्षण मूल्याङ्कन र शिक्षणको अवधारणा परिपालन गरी तयार गरिको यस शोध अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग अघि लिइएको पूर्वपरीक्षणभन्दा ६ हप्ताको शिक्षणपछि लिइएको उत्तरपरीक्षण ७/८ प्रतिशत प्रगति भएको पाइएको छ । त्यसैले आवश्यकताअनुरूप स्तर हेरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित

उपयोगले विद्यार्थीहरूमा परीक्षाको भय कम गराउन र पाठ्यक्रम निर्दिष्ट उद्देश्य पूरा गर्न एवम् सिकाइ उपलब्धि अपेक्षित ढङ्गले अघि बढाउन सकिन्छ भन्ने निष्कर्ष दिन सकिन्छ ।

## ६. ३. सुझाव

अध्ययन अनुसन्धानका क्रममा अपेक्षित उद्देश्य पूर्तिका लागि सम्पन्न गरिएका क्रियाकलाप तथा प्रयासहरूमा विविध कमीकमजोरी आइपर्न सक्छन् । ती आइपरेका समस्या तथा कमजोरीहरू हटाउनका लागि विषयसँग सम्बन्धित निराकरणका उपायहरू अवलम्बन गर्न जरुरी हुन्छ । यो शोधपत्र तयार गर्दा अध्ययन अनुसन्धान गहन रूपमा अघि बढाइ कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीहरूमाथि प्रयोग गरिएको ६ हप्तासम्मको कक्षाशिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गर्दा विद्यार्थीहरूको प्रगति स्तर वृद्धि भएको पाइएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउन एवम् अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

- त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा लिइने परीक्षालाई मात्र भरपर्दो साधन नमानी निरन्तर विद्यार्थी मूल्याङ्कन परिपाटीको अनुशरण गर्नु उपयुक्त हुन्छ ।
- भाषाशिक्षण गराउँदा भाषिक सीपहरूमा जोड दिई शिक्षण गराउनु उपयुक्त हुन्छ ।
- कक्षाशिक्षणका क्रममा विद्यार्थीहरूको मानसिकतामा असर नपर्ने गरी उनीहरूलाई सकारात्मक एवम् नकारात्मक पुनर्बलको व्यावहारिक रूपमा उपयोग गरिनुपर्दछ ।
- परीक्षाको सन्त्रासमय वातावरणबाट विद्यार्थीहरूलाई मुक्त गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाउनु पर्दछ ।
- विद्यार्थीहरूलाई उनीहरूका सिकाइ क्षमताबारे जानकारी शिक्षकले बारम्बार दिइरहनुपर्छ, जसको कारणले कमजोर विद्यार्थीहरूलाई प्रगति गर्ने मौका दिनुका साथै तीक्ष्ण विद्यार्थीहरूलाई अझ हौसला प्रदान गर्नुपर्दछ ।
- विद्यार्थीहरूको स्तर, क्षमता, रुचिअनुरूप मूल्याङ्कन पद्धति अपनाउनुपर्दछ ।
- भाषासँग सम्बन्धित हुने गरी सहक्रियाकलापमा संलग्न गर्न विद्यार्थीलाई प्रेरित गर्नुपर्दछ ।
- शैक्षणिक क्रियाकलापमा प्रभाव पार्ने तŒवहरू, शैक्षिक वातावरण, मूल्याङ्कनको समय, विद्यार्थीहरूको तत्परता, शैक्षिक उत्प्रेरणा, अभिभावक आदि विषयलाई ध्यान दिएर मात्र मूल्याङ्कन गरिनुपर्दछ ।

- बालबालिकाको सिकाइ उपलब्धिका सम्बन्धमा उनीहरूका अभिभावकलाई समय समयमा जानकारी दिनुपर्छ जसले गर्दा विद्यार्थीहरूको सिकाइमा मदत पुग्छ ।
- विद्यार्थीहरूमा परीक्षामुखी प्रवृत्ति एवम् कण्ठाग्र गर्ने बानी हटाइ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले प्रभावकारी शिक्षण गर्न टेवा पुग्छ ।

# सन्दर्भ ग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५९), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६५), *शिक्षा किताब, कक्षा ९,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

ढुङ्गेल, लक्ष्मी (२०६५), *कक्षा पाँचका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन,* नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०५६), *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिका,* नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

निरन्तर विद्यार्थी मूल्याङ्कन (२०५६), *शिक्षक निर्देशिका,* नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

निम्नमाध्यमिक पाठ्यक्रम (२०५७), *दिग्दर्शन,* नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

भट्टराई, गणेशप्रसाद (सम्पा. २०६६), *हाम्रो नेपाली किताब, कक्षा ७,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भण्डारी, पारसमणि (२०६३), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

रिमाल, डिल्लीराम (२०५७), *नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०५९), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), *शोध विधि,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

## परिशिष्ट–१

### पूर्वपरीक्षणमा सोधिएका प्रश्नहरू

**१. तलका प्रश्नको उत्तर देऊ :** **३०**

क) पातालगङ्गाको विशेषता के थियो ?

ख) मानिस अरु प्राणीभन्दा किन श्रेष्ठ मानिएको हो ?

ग) भिक्षुका कथामा के विशेषता पाइन्छ ?

घ) डुहुरे मुसाहरू सेतो बिरालोलाई लखेट्न कसरी सफल भए ?

ङ) कृषि उत्पादन बढाउन कृषिमलको आवश्यकता हुन्छ, कसरी ?

च) गुरु शिष्यको सम्बन्ध किन राम्रो हुनुपर्दछ ?

**२. तलका शब्द र अर्थको जोडा मिलाऊ :** **१०**

| | |
|---|---|
| समीप | अमेल |
| स्रोत | खबर |
| सन्दर्भ | सुन्दरता |
| अटल | किल्ला |
| प्राचीन | पुर्खा |
| पूर्वज | पुरानो |
| चक्रब्यूह | स्थिर |
| शोभा | प्रसङ्ग |
| सन्देश | मुहान |
| मनमुटाव | नजिक |

**३. तलका खाली ठाउँमा सुहाउँदो आदरार्थी क्रियापद लेख :** **५**

क) मेरी बहिनी घरको काम ........................ । (सघाउँछ, सघाउँछिन्, सघाउनुहुन्छ)

ख) गुरुले पाठ ....................... । (पढाए, पढाउनुभयो, पढाइयो)

ग) ससुरा अति असल ...................... । (छन्, छ, हुनुहुन्छ)

घ) तपाईं बजार ................... । (जान्छौ, जान्छ्यौ, जानुहुन्छ)

ङ) तिमी पत्रिका ..................... । (किन्छस्, किन्छेस्, किन्छ्यौ)

**४. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :** **१०**

भक्ति, रसिला, समाज, प्रभु, समाचार, व्यथा, अटल, कीर्ति, अखण्ड, अपार

**५. कुनै एक शीर्षकमा निबन्ध लेख :** **५**

क) दीपावली ख) अनुशासन

**६. तलका शब्दहरूको उल्टो अर्थ लेख :** **५**

अँध्यारो, खस्रो, अहिले, आकाश, जय

७. **तलका शब्दलाई शुद्ध पारी सार :** १०

करुणारासी, सन्सार, ग्रिहकार्य, हर्स, रसायनीक,

पुजनिय, पर्गती, आदरनिय, सुविदा, प्ररना

८. **तलका शब्दको पर्यायवाची शब्द लेख :** ५

उपदेश, मृत्यु, आमा, सत्य, परिवार

९. **जोडा मिलाऊ :** ५

| | |
|---|---|
| जातिवाचक नाम | लुम्बिनी |
| व्यक्तिवाचक नाम | हात्ती |
| द्रव्यवाचक नाम | गुच्छा |
| भाववाचक नाम | दूध |
| समूहवाचक नाम | रोदन |

१०. **उदाहरण बुझ र लेख :** ५

उदाहरण : जीवजन्तु = जीव र जन्तु

हावापानी, बोटबिरुवा, फोहोरमैला, नदीनाला, घामपानी

११. **व्याख्या गर :** ५

पारिन्छ सत्ता जब खण्डखण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड ?
थुतिन्छ पत्ता जब खातखात
सिद्धिन्छ शोभा अनि फूलबाट ।

# परिशिष्ट–२

## पहिलो आवधिक परीक्षामा सोधिएका प्रश्नहरू

**१. तलका प्रश्नहरूको उत्तर देऊ :** **१५**

क) नेपालीहरूले कस्तो शिक्षा र दीक्षा पाएका छन् ? लेख ।

ख) कविले प्रकृतिको ऐन केलाई भनेका हुन् ?

ग) के कारणले गर्दा रत्नाकरको व्यवहारमा परिवर्तन आयो ?

घ) रत्नाकरका लागि के कुरा सामान्य थियो ?

ङ) नेपालीको आत्मा कस्तो छ ?

**२. तलका शब्द र अर्थको जोडा मिलाऊ :** **५**

| | |
|---|---|
| पोषण | आकाश |
| ध्येय | उपकार |
| उद्धार | उद्देश्य |
| तेज | उत्तम |
| उत्कृष्ट | प्रकाश |
| रिपु | ढुङ्गो |
| गगन | रास |
| माथ | विधान |
| पुञ्ज | शिर |
| ऐन | शत्रु |

**३. मिल्दा चिह्नहरू राखेर वाक्य शुद्ध गर :** **५**

क) आज तिमी कता जान्छौ (।, !, ?)

ख) म भरे घर जान्छु (, (), ।)

ग) आहा कति राम्रा अक्षर (।, !)

घ) आमा बुबा दाइ भाउजु र म घर जान्छौँ (!, ।, ,)

ङ) विचरा रामे त मरेछ (।, !, ())

**४. तलका शब्दको उल्टो अर्थ लेख :** **५**

शत्रु, शिर, गरिब, पाप, ज्ञानी

५. **उस्तै अर्थ दिने शब्द लेख :** ५

लक्ष्य, पाषाण, बैरी, आकाश, माथ

६. **तलका हरफको भाव बताई लेख :** ५

शिक्षा मेरो जगत भरको गर्नु रक्षा सदैव

दीक्षा यै हो परहित गरूँ आखिरी श्वाससम्म

७. **तलका शब्दहरूको वाक्य बनाऊ :** ५

प्रभाव, कुख्यात, परीक्षा, शत्रु, अबोध

८. **दिइएका धातु र सङ्केतका आधारमा मिल्दो क्रियापद राख :** ५

क) राम सबेरै ..................................... । (उठ् : वर्तमान काल)

ख) हामीले सिनेमा ............................. । (हेर् : भूतकाल)

ग) गोठालो घाँस ............................. । (काट् : भविष्यत् काल)

घ) आमाले तरकारी ..................... । (काट् : भूतकाल)

ङ) बहिनी पुतली ........................ । (खेल् : वर्तमान काल)

# परिशिष्ट–३

## दोस्रो आवधिक परीक्षामा सोधिएका प्रश्नहरू

१. **तलका प्रश्नहरूको जवाफ देऊ :** **५×३=१५**

क) जानकी मन्दिर कहाँ पर्छ ?

ख) जनकपुरले कुन पौराणिक कथाको घटनालाई प्रतिनिधित्व गर्छ ?

ग) जनकपुरधामको आफ्नै किसिमको छुट्टै महŒव दर्शाउने विषयहरू केके हुन् ?

घ) विवाह मण्डप कसरी सिँगारिएको छ ?

ङ) जनकपुरमा मानिसहरूको भिड कहिले र किन हुन्छ ?

२. **तलका शब्द र अर्थको जोडा मिलाऊ :** **५**

| | |
|---|---|
| पराक्रम | आँगन |
| प्राङ्गण | बहादुरी |
| पस्तर | प्रशंसा |
| महिमा | लक्षण |
| प्रतीक | ढुङ्गा |

३. **अर्थ खुल्ने गरी वाक्य बनाऊ :** **५**

स्वयंवर, महŒवपूर्ण, मन्दिर, तीर्थयात्रा, मेला

४. **सच्याएर कापीमा सार :** **५**

रामाएन, परएटक, आत्मग्यानी, जानकि, मनदीर

५. **निम्न शब्दको उल्टो अर्थ लेख :** **५**

स्वदेश, पुरुष, बाहिरी, भिड, सहर

६. **निम्न शब्दहरूको उस्तै अर्थ दिने शब्द लेख :** **५**

प्रतीक, आँगन, प्रशंसा, इज्जत, व्यवसाय

७. **कारण बताऊ :** **५**

क) जानकी मन्दिरलाई किन नौलखा मन्दिर भनिन्छ ?

उत्तर :

८. **आफूले पढेसुनेको कुनै प्रसिद्ध धार्मिक ठाउँका बारेमा एक अनुच्छेद लेख :** **५**

## परिशिष्ट–४

### तेस्रो आवधिक परीक्षामा सोधिएका प्रश्नहरू

१. **तलका प्रश्नहरूको उत्तर देऊ :** ५×३=१५

क) श्री ५ पृथ्वीनारायण शाहभन्दा अघि नेपाल कस्तो थियो ?

ख) रणजीत मल्ल कहाँका राजा थिए ?

ग) गोरखाका राजा भएपछि पृथ्वीनारायण शाहले केके सुधार गरे ?

घ) दिव्योपदेश भनेको के हो ?

ङ) पृथ्वीनारायण शाहमा केके गुणहरू थिए ?

२. **तलका शब्द र अर्थको जोडा मिलाऊ :** ५

| | |
|---|---|
| श्रेय | सुहाउँदो |
| देहान्त | नक्सा |
| प्रबन्ध | मृत्यु |
| मानचित्र | व्यवस्था |
| सामयिक | जस |

३. **तलका शब्दको अर्थ लेख :** ५

अद्वितीय, सङ्कल्प, मुलुक, संरक्षण, स्वतन्त्र

४. **अर्थ खुल्ने गरी वाक्य बनाऊ :** ५

इतिहास, बसोबास, राष्ट्रनिर्माता, फूलबारी, माली

५. **शुद्ध पारेर सार :** ५

माणचित्र, समरछ्यन, सुरा, पुरुश, आक्रामाण

६. **तलका शब्दको उल्टो अर्थ लेख :** ५

दुर्भाग्य, अद्वितीय, राजा, विदेशी, स्वतन्त्र

७. **व्याख्या गर :** १०

पृथ्वीनारायण शाह एकताका प्रतीक मानिन्छन् ।

# परिशिष्ट-५

## चौथो आवधिक परीक्षामा सोधिएका प्रश्नहरू

**१. तलका प्रश्नहरूको उत्तर देऊ :** **५×४=२०**

क) किन मान्छेले घुमफिर गर्नुपर्छ ?

ख) पर्यटकबाट हामीलाई के फाइदा हुन्छ ?

ग) विदेश पर्यटक नेपालमा किन आउँछन् ?

घ) नेपालमा धेरै पर्यटक भिœयाउन के गर्नुपर्छ ?

ङ) पर्यटकबाट विकृति भित्रिन नदिन के गर्नुपर्छ ?

**२. तलका शब्द र अर्थको जोडा मिलाऊ :** **५**

| | |
|---|---|
| अनुपम | पेसा |
| सभ्यता | बाटो देखाउने मान्छे |
| परिवेश | सभ्य हुने भाव |
| पथप्रदर्शक | वरिपरि देखिने अवस्था |
| व्यवसाय | उपमा नभएको |

**३. अर्थ लेख :** **५**

अनुपम, मुद्रा आर्जन, पारख, विकृति, सौन्दर्य

**४. तलका शब्दको अर्थ खुल्ने गरी वाक्य बनाऊ :** **५**

तर्क, प्राङ्गण, शैक्षिक भ्रमण, प्राकृतिक दृश्य, पर्यटकीय सम्भावना

**५. शुद्ध पारी सार :** **५**

रितु, ग्यानविज्ञान, पइदल, बाहिय, बगइचा

**६. दिइएको शीर्षकमा संवाद लेख :** **५**

नदीनालको महŒव

# परिशिष्ट–६

## पाँचौं आवधिक परीक्षामा सोधिएका प्रश्नहरू

१. **तलका प्रश्नको उत्तर देऊ :** ५×४=२०

क) नेपाली झन्डाको स्वभाव कस्तो छ ?

ख) नेपालीहरूमा देशको माया कुन रूपमा रहेको छ ?

ग) हिमाली छायाँले सानाठूलालाई कुन रूपमा हेरेको छ ?

घ) नेपालीले ठूलो भन्ने वस्तुका रूपमा केलाई लिएको पाइन्छ ?

ङ) झन्डाको गीत शीर्षक कविताको आशय के हो ?

२. **तलका शब्द र अर्थको जोडा मिलाऊ :** ५

| | |
|---|---|
| वचन | वरिपरि |
| नाता | चुँडिएको |
| रुक्तैन | साइनो |
| टुटेको | बोली |
| सेरोफेरो | रोकिँदैन |

३. **तलका शब्दको अर्थ लेख :** ५

आइलाग्नु, जाइलाग्नु, दैलो, नाता, वचन

४. **तलका शब्दलाई वाक्यमा प्रयोग गर :** ५

रगत, साथी, सगरमाथा, सेरोफेरो, पानी

५. **सच्याएर कापीमा सार :** ५

ठुलो, देस, येकता, तराही, गित

६. **तलका शब्दको पर्यायवाची शब्द लेख :** ५

साथी, वचन, दैलो, आँखा, नाता

७. **व्याख्या गर :** ५

टुटेको छैन नेपाली नाता एकता हाम्रो ठूलो छ
जहाँ छ हाम्रो सगरमाथा त्यै सेरोफेरो ठूलो छ ।

# परिशिष्ट : ७

## उत्तरपरीक्षणमा सोधिएका प्रश्नहरू

**१. तलका प्रश्नको जवाफ लेख :** **३०**

क) परिचय कवितामा नेपालीहरूले कस्तो शिक्षा र दीक्षा पाएका छन् ?

ख) वाल्मीकि कथाले कस्तो काम गर्ने प्रेरणा दिएको छ ?

ग) किन जानकी मन्दिरलाई सुन्दर वास्तुकलाको नमुना भनिन्छ ?

घ) पृथ्वीनारायण शाह किन राष्ट्रिय विभूति मानिन्छन् ?

ङ) किन नेपालमा पर्यटन व्यवसाय महŒवपूर्ण छ ?

च) नेपाली झन्डाको स्वभाव कस्तो छ ?

**२. तलका शब्द र अर्थको जोडा मिलाऊ :** **१०**

| | |
|---|---|
| वचन | शत्रु |
| नाता | आकाश |
| सभ्यता | प्रशस्त |
| श्रेय | ढुङ्गो |
| पराक्रम | एकाग्र |
| लीन | बहादुरी |
| पाषाण | जस |
| विपुल | सभ्य हुनुको भाव |
| गगन | साइनो |
| रिपु | वाणी |

**३. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्य बनाऊ :** **१०**

सिपालु, परोपकार, दूरदर्शी, पर्यटन व्यवसाय, सगरमाथा, उत्कृष्ट, प्राङ्गण, पुरुषार्थ, इतिहास, देहान्त

**४. क्रियायोगी शब्दले वाक्य पूरा गर :** **५**

क) ऊ ................................ निदायो ।

ख) चरो ................................ उड्यो ।

ग) बिरुवा ............................ बढ्यो ।

घ) हरि ............................ घर आउँछ ।

ङ) तिमी ........................ रिसाउँछौ ।

५. **तलका शब्दको उल्टो अर्थ लेख :** ५

सानो, तल, जन्म, जस, विजय, पाप, कुख्यात, बोध, शत्रु, आकाश

६. **तलका शब्दको अर्थ लेख :** १०

वचन, दूरदर्शी, परहित, दीन, तेज, गाथा,

स्वयंवर, महिमा, आधिपत्य, पथप्रदर्शक

७. **तलका शब्दको पर्यायवाची शब्द लेख :** ५

आँगन, प्रस्तर, प्रतीक, उपकार, लक्ष्य

८. **आफूले पढेसुनेको कुनै प्रसिद्ध धार्मिक ठाउँको वर्णन गर्दै ३ अनुच्छेद लेख ।** ५

९. **व्याख्या गर :** ५

नेपाल प्राकृतिक सौन्दर्यका दृष्टिले विश्वका अनौठा देशमध्ये एक अनुपम देश हो ।

१०. **तलका शब्दलाई शब्दकोशको क्रममा लेख :** ५

पुराण, पुरातात्विक, पौराणिक, पुनर्जीवित, पुरातन

११. **बुझ र लेख :** ५

ईख+आलु = इखालु

मायालु, झगडालु, खर्चालु, दयालु, बैँशालु